का.जि.प्र.का.द.नं. १००/०५९/६०

३० असार २०८२,
सोमबार
14 July, 2025
Monday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक १६२ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



सरकारको एक वर्ष

## प्रधानमन्त्रीसहित १० मन्त्री विवादमा



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २९ असार ।

संसदका २ ठूला दल नेपाली कांग्रेस र नेकपा एमालेको गठबन्धनमा सरकार बनेको १ वर्ष भएको छ । सरकारको पहिलो एक वर्षमा प्रधानमन्त्रीसहित १० मन्त्रीहरू विभिन्न विवादमा तानिएका हुन । कांग्रेसको सहयोगमा ३० असार २०८१ मा प्रधानमन्त्री बनेका एमाले अध्यक्ष केपी शर्मा ओली आफै विवादको भुमरिमा फसेका छन भने उनको क्याबिनेटका ९ जना मन्त्री विवादीत बने । 'भ्रष्टाचारीको अनुहार हेर्दिनँ' भन्दै आएका प्रधानमन्त्री ओली क्याबिनेटका संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताको घुस प्रकरणले अहिले देश तातेको छ ।

कर्मचारीहरूको सरूवा तथा भूमिसुधार मन्त्रालय अन्तर्गत मालपोत अधिकृतको सरूवा गराउने विषयमा घुस डिल गरेको अडियो सार्वजनिक भएपछि मन्त्रीसँगै प्रधानमन्त्रीमाथिसमेत प्रश्न उठेको छ । यो विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ ।

मन्त्री गुप्ताले मालपोत कार्यालय कास्कीका तत्कालीन प्रमुखको सरुवा रोक्न ५३ लाख घुस लिएको दाबी गर्दै घुस रकम राखिएका दुई झोला, नोट नम्बर र नोटका बन्डलको फोटोसहित अख्तियारमा उजुरी परेको छ। यो प्रकरणले आइतबार संसदमा मन्त्रीको राजीनामा र प्रधानमन्त्रीको जवाफ माग भएको छ । सदनमा चर्को विरोध भइरहँदा प्रधानमन्त्री ओली झापामा पार्टी कार्यक्रममा व्यस्त थिए । यो प्रकरणमा मन्त्री »» पृष्ठ २ मा

## पीडकलाई पीडा थप्ने सहकारीमन्त्रीको अभिव्यक्ति

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले सहकारी पीडितहरुविरुद्ध दिएको अभिव्यक्तिको सहकारी बचतकर्ता संरक्षण राष्ट्रिय अभियानले विरोध जनाएका थिए । गत पुसमा काठमाडौंको एक सार्वजनीक कार्यक्रममा मन्त्री अधिकारीले बैंकबाट सस्तोमा ऋण लिएर सहकारीबाट महँगो ब्याज खानेहरु आन्दोलनमा रहेको अभिव्यक्ति दिएका थिए ।

बचत फिर्ताको माग गर्दै १६ महिनादेखि आन्दोलनरत सहकारी पीडितको घाउमा मन्त्री अधिकारीको अभिव्यक्तिले नुन-चुक लगाएको भन्दै सहकारी अभियान्ताहरूले मन्त्रीमाथि कारबाही गर्न प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका थिए ।

## नैतिकताको प्रश्नमा गृहमन्त्री

गत वैशाखको पहिलो हप्ता विमानस्थल अध्यागमन कार्यालयबाट भिजिट भिसाका नाममा दैनिक ५० लाखसम्म उठाएर मानव तस्करी गरेको सम्बन्धमा अख्तियारले कर्मचारी पक्राउ गरेको थियो । सोही प्रकरणमा गृहमन्त्री रमेश लेखकको समेत संलग्नता रहेको जिकीर गर्दै रास्वपाले १३ वैशाखबाट गरेको सदन अवरोध अझै जारी छ । »» पृष्ठ २ मा

## प्रश्नले जेलिएका ऊर्जामन्त्री

ऊर्जा जलश्रोत तथा सिंचाईमन्त्री दीपक खड्काले जगदुल्ला जलविद्युत आयोजनाको १६ अर्बको ठेक्कामा मिलेमतो गरी ठेकेदारबीच चेक लेनदेन गराएको विषय सार्वजनिक भएपछि विवादमा तानिएका थिए । त्यस्तै ४ सय ५४ मेगावाटको किमाथांका अरूण जलविद्युत आयोजना र १९ सय २ मेगावाटको मुगु कर्णाली जलासययुक्त आयोजनाको विषयमा सूचना »» पृष्ठ २ मा

## मनोमानीमा शहरी विकासमन्त्री

ओली सरकारका उपप्रधान तथा शहरी विकासमन्त्री प्रकाशमान सिंह पनि विवाद रहित रहेनन् । ३१ असार २०८२ मा पदभार ग्रहण गरेका उनले शहरी विकास मन्त्रालयअन्तर्गतका निकायमा हुने राजनीतिक नियुक्तिसम्बन्धी कार्यविधि र मापदण्डमा अन्य देशको पीआर नलिएको स्वघोषणा गर्नुपर्नेसहितको कानुन परिमार्जनको सहमतिका लागि कानुन मन्त्रालयमा पठाउनेसम्बन्धी फाइलमा हस्ताक्षर गरेका »» पृष्ठ २ मा

## न्यायाधीशले सम्पत्ति खुलाउनुपर्ने !

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २९ असार ।

प्रधानन्यायाधीश र सबै तहका न्यायाधीशले पनि आफ्नो सम्पत्ति विवरण अनिवार्य सार्वजनिक गर्नुपर्ने गरी सरकारले कानुनी व्यवस्था गर्न लागेको छ । हाल प्रधानन्यायाधीश र न्यायाधीशहरूले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्नैपर्ने कानुनी बाध्यता छैन । तथापि, नियुक्त भएको ६० दिनभित्र सम्पत्तिविवरण बुझाउनुपर्ने व्यवस्था छ । यसअनुसार उनीहरूले न्यायपरिषदको सचिवालयमा सम्पत्ति विवरण बुझाउँछन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले तयार पारेको स्वार्थको द्वन्द्व व्यवस्थापन सम्बन्धी विधेयकको मस्यौदामा सार्वजनिक निकायका पदाधिकारीले आफू नियुक्त, मनोनयन वा निर्वाचित भएको ३० दिनभित्र सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने बाध्यकारी प्रावधान प्रस्तावित छ ।

विधेयकको मस्यौदाको दफा १५ मा 'जानकारी दिने' सम्बन्धी व्यवस्था छ । जहाँ भनिएको छ, 'देहायका सार्वजनिक पदाधिकारीले आफू नियुक्त, मनोनयन वा निर्वाचित भएको तीस दिनभित्र र प्रत्येक आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र अनुसूची-२ बमोजिमको विवरण सार्वजनिक गरी आफू कार्यरत सार्वजनिक निकायमा समेत पेश गर्नु पर्नेछ ।'

> हाल प्रधानन्यायाधीश र न्यायाधीशहरूले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्नैपर्ने कानुनी बाध्यता छैन । यसलाई बदलेर सरकारले न्यायाधीशले पनि सम्पत्ति अनिवार्य रूपमा खुलाउनुपर्ने गरी ऐन बनाउने प्रस्ताव अगाडि सारेको हो ।

सम्पत्ति विवरण अनिवार्य सार्वजनिक गर्नुपर्ने सार्वजनिक पदाधिकारी अन्तर्गत राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रदेश प्रमुख, मन्त्री, मुख्यमन्त्री, राज्यमन्त्री, सांसद, राष्ट्रिय योजना आयोगका पदाधिकारी, सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतका न्यायाधीशलाई समेटिएको छ । यसका अलावा संवैधानिक निकायका पदाधिकारी, सुरक्षा निकायका प्रमुख, सहसचिव र त्यसमाथिका कर्मचारी, गाउँपालिकाका प्रमुख र त्यसमाथिका जनप्रतिनिधि तथा सरकारले राजपत्रमा सूचना प्रकाशन गरेर तोकेका पदाधिकारीलाई पनि समेटिएको छ ।

अनुसूची-२ मा सार्वजनिक निकायका पदाधिकारीले के कस्ता विवरण सार्वजनिक गर्नुपर्ने हो त्यसबारे फाराम छ । फारममा वैयक्तिक विवरण, पेसा, आय, कर, चलअचल सम्पत्ति, एक लाखभन्दा बढी भए चन्दाको »» पृष्ठ २ मा

डाक्टरको हितमा कानुन संशोधन गर्ने तयारी

## उपभोक्ताको मौलिक अधिकार खोसिँदै



> चिकित्सक सेवालाई जवाफदेही बनाउने र उपभोक्ता हितको विषयलाई पनि सम्बोधन गर्ने गरी ऐनमा केही परिमार्जन गरिनेछ

■ **दामोदर भण्डारी**
**मन्त्री, उद्योग**



> चिकित्सकहरूको पक्षमा सरकारले कानुन नै संशोधन गर्न खोज्नु उचित होइन

■ **विष्णु तिमल्सिना**
**महासचिव, उपभोक्ता हित संरक्षण मञ्च**

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २९ असार

उपभोक्ता अदालतले चिकित्सकहरूलाई समेत दोषी ठहर गरेपछि दबाब बढाउन चिकित्सकसँग सम्बन्धित संगठनहरू स्वास्थ्य हडतालमा उत्रिएपछि सरकारले गत मंगलबार सहमति गरेपछि विभिन्न कोणबाट विश्लेषण गरिन थालिएको छ। २०८१ चैतमा गठन भएर काम गर्न »» पृष्ठ २ मा

### कानुन संशोधन गैरसंवैधानिक

सरकारले आन्दोलरत चिकित्सकहरूसँग गरेको सहमतिले सरकार आफैंले गठन गरेको अदालतबाट मारमा परेका उपभोक्ताहरूले न्याय पाउन थालेपछि हतार-हतार कानुन परिवर्तनको बाटोमा अघि बढेको उपभोक्तावादीहरू बताउँछन् । उपभोक्ता हित संरक्षण मञ्चका महासचिव तथा वरिष्ठ अधिवक्ता »» पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## निस्तेज भयो व्यवसायीमाथि झुन्डिएको संख्या सयको तरबार

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ असार ।

संघीय संसद्ले वैदेशिक रोजगार व्यवसायीको इजाजत नवीकरणका लागि वार्षिक सय जना कामदार अनिवार्यरूपमा वैदेशिक रोजगारमा पठाउनुपर्ने प्रावधान खारेज गर्ने 'केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१' पारित गरेको छ । राष्ट्रिय सभाबाट संशोधनसहित प्राप्त विधेयक प्रतिनिधि सभाको आइतबारको बैठकले पुनः पारित गरेसँगै संघीय संसद्बाटै पास भाएको हो । अब यो विधेयक सभामुख हुँदै राष्ट्रपतिकहाँ पुग्छ। राष्ट्रपतिले प्रमाणीकरण गरेपछि विधेयक ऐनमा रूपान्तरित भएर लागू हुन्छ । यही असार ३२ गतेसम्म विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण भए यही आर्थिक वर्षबाट लागू »» पृष्ठ २ मा

### 'जान'को शुल्कबारे बोर्डसँग जानकारी माग्ने आदेश

**काठमाडौं/मस-** सर्वोच्च अदालतले रोजगारीका लागि जापान जाने प्रशिक्षार्थी कामदारको भिसा आएपछि नेपाल जाइका अल्मुनाई एसोसिएसन 'जान'बाट भाषा परीक्षा सञ्चालन गर्नु गैरकानुनी भन्ने रिटमा अन्तरकालीन आदेश जारी गरेन । आइतबार न्यायाधीशद्वय हरिप्रसाद फुयाल र नित्यानन्द पाण्डेयको इजलासले वैदेशिक रोजगार क्षेत्रका लागि महत्वपूर्ण मानिएको रिटमा अन्तरिम आदेश जारी नहुने आदेश जारी गरेको हो । »» पृष्ठ २ मा

Free Visa ! Free Ticket !! Free Recruitment !!!
(Zero Cost) सहित QATAR मा बैदेशिक रोजगारको अवसर

GWC



For Driver - Hiring experienced trailer drivers for "Car Carrier" transport – apply now!

Company : Gulf Warehousing Company, QATAR

पुन: विज्ञापन, पुर्व स्वीकृती मिति: २०८०/११/१७ | चलानी नं. : ६०२१५६८९ | LT No.: 300789

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Driver | 71 | 0 | काममा दक्ष | 2200 | ८२,७७०/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |
| २. | Labour | 10 | 0 | | 1000 | ३७,६२०/- | | | | | छ | छ | |
| ३. | Storekeeper | 16 | 0 | | 1900 | ७१,४८५/- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले | हुने/ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैंले | रु. १,५००/- कामदार आफैंले | रु. ७,००/- कामदार आफैंले | नि:शुल्क |

अन्तरवार्ता २०८२ साउन ५ गते (21 July, 2025) यस प्रा. लि. को कार्यालय बालकुमारी, ललितपुरमा हुनेछ ।

DIANA OVERSEAS
डायना ओभरसिज प्रा. लि.
श्रम इजाजत पत्र नं :४०८/०६०/०६१
बालकुमारी, ललितपुर, फोन: ५१८६३८४, ५१८६३८५, ५१८६३२८, ५१८६४२९

## विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरूरी सूचना

यस **मध्यान्ह राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरुको विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम भुक्तानी गर्न बाँकी रहेकोले यही मिति **२०८२ असार मसान्त**भित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको छुट सुविधासमेत उपलब्ध नगराइने यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**

मध्यान्ह
Madhyanha National Daily — राष्ट्रिय दैनिक

कमलपोखरी, काठमाडौं
०१५३२६३६६, ०१५३२८२९८
madhyanhadaily59@gmail.com
ad.madhyanha@gmail.com
www.madhyanhadaily.com

# ‘पार्टीभित्रको एकता मजबुत बनाए एमालेलाई कसैले पराजित गर्न सक्दैन’



**झापा/मस-** प्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलले पार्टीभित्रको एकतालाई मजबुत बनाएर संकल्पका साथ लाग्ने हो भने एमालेलाई अरुले हराउन नसक्ने बताएका छन् ।

नेकपा (एमाले) को जिल्लास्तरीय कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उनले एमालेमा लामो समय बसेर विभिन्न जिम्मेवारी र लाभको अवसर लिएका कतिपय स्वार्थी नेताहरूले विगतमा पार्टी विभाजन र पार्टी सिध्याउने षड्यन्त्र गरे पनि कार्यकर्ता र जनताले एमालेलाई बचाएर पुनः राष्ट्रिय शक्ति बनाएको बताए । केपी ओलीविनाको एमाले देख्न चाहने प्रतिक्रियावादीहरुको खेल भएको टिप्पणी गर्दै उनले पार्टीभित्र र बाहिरबाट भइहेको षड्यन्त्र चिर्दै ढुक्कका साथ पार्टीको सही नीति र नेतृत्वको पक्षमा लाग्न आग्रह गरे ।

‘एमालेविनाको देश र केपी ओली विनाको एमाले होस् भन्ने कामना गर्नेहरूको कामना पुरा हुँदैन । एमाले साना स्वार्थ बोक्ने पार्टी होइन । यसको काँधमा देश बनाउने महान उद्देश्य छ । यो राष्ट्रिय हितका लागि बलिदानबाट आएको पार्टी हो ।’

अध्यक्ष ओलीले भने,‘एमालेविरुद्ध जाल बुन्नेहरु सफल हुँदैनन् । माकुरोको जालोमा कहिल्यै भैसी पर्दैन । हाम्रा विरुद्धको भ्रामक प्रचारको पछि लाग्नु हुँदैन । केपी ओली र एमालेले भ्रष्टाचार गर्दैन । हामी सहकारी ठगेर मुद्दा झेलेपछि आफ्नो पक्षमा हस्ताक्षर अभियान चलाउने रास्वपाजस्तो हुँदै होइन ।’

उनले नेपाललाई एमालेले नसके अरु कसैले बनाउन नसक्ने स्पष्ट गर्दै आफू प्रधानमन्त्री भएपछि फलामखानी र पेट्रोलियम पदार्थको उत्खनन, सुरुङमार्ग निर्माणजस्ता अनेकौं विकास र समृद्धिका काम थालनी भएको र त्यसको प्रतिफल आउन थालेको बताए ।

अहिले नेपालको अन्तर्राष्ट्रिय छवि देखिने र सुनिने अवस्थामा रहेको उल्लेख गर्दै उनले पछिल्लो स्पेन भ्रमणको सफलता सुन्न नचाहने विपक्षीले वाइसिएल प्रयोग गरेर स्पेन भ्रमणमा मान्छे छाडेर आयो भन्ने दुस्प्रचार गरेको जनाए ।

### मदनडाँगी-ताराबारी-डिपु सडकको उदघाटन

प्रधानमन्त्री ओलीले झापाको दमक नगरपालिकास्थित मदनडाँगी-ताराबारी-डिपु सडक स्तरोन्नति आयोजनाको उद्घाटन गरेका छन् । विश्व बैंकको सहयोगमा नगरपालिकाको गौरवको आयोजनाका रूपमा रहेको सो सडक नेपालभरबाट छानिएका १७ सडकमध्येको एक हो । चवालिस करोड २४ लाख लागतमा निर्मित ४ दशमलव ८६ किलोमिटर सो सडक समयमै सम्पन्न भएको नमुना आयोजना मानिन्छ ।

प्रधानमन्त्री ओलीले देशभर विकास निर्माणको नमुना यो सडक पनि रहेको जनाउँदै मेची महाकालीसम्म थालेका कामसक्ने अभियानमा सरकार रहेको बताए । प्रधानमन्त्री ओलीले दमकको बेलडाँगीमा विशाल रंगशाला निर्माण हुने घोषणा पनि गरे ।

उनले हरेक क्षेत्रमा सुधार ल्याउने योजनाबमोजिम स्वयंसेवाको भावनाका साथ महत्वपूर्ण विषयमा निःशुल्क ‘अनलाइन’ कक्षा सञ्चालन गरेपछि यस वर्ष एसइईमा नतिजा १३ प्रतिशतले सुधार आएको बताए ।

आफ्नो स्पेन भ्रमण सफल भएको पक्षलाई ओझेल पार्नेगरी केही विरोधीले स्पेनमा मान्छे छाडेर आयो भनेर झुटा प्रचार गरेकामा आपत्ति जनाउँदै उनले यस्ता विषयमा जवाफ दिन आवश्यक नभएको टिप्पणी गरे । भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, कोसी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की, पूर्वमुख्यमन्त्रीहरु शेरधन राई, उद्धव थापालगायत सहभागी थिए ।

# पत्रकारिता शुद्धीकरण र संस्थागत सुधारमा प्रेस काउन्सिल दृढ

**काठमाडौं/मस-** प्रेस काउन्सिल नेपालले समसामयिक प्रेस संकट, डिजिटल पत्रकारिता, आचारसंहिता कार्यान्वयन, संस्थागत सुधारलगायतका विषयमा बहुआयामिक निर्णय गर्दै प्रेस स्वतन्त्रता र जवाफदेहिताको दिशामा मार्गचित्र तय गरेको छ ।




काउन्सिल ऐन, २०४८ को दफा ८(३) बमोजिम सदस्य रामप्रसाद दाहालको अध्यक्षतामा सम्पन्न बैठकमा पछिल्लो समय सञ्चारमाध्यम तथा पत्रकारमाथि भइरहेका हस्तक्षेप, स्वतन्त्रताको दुरुपयोग, अदालतसम्म पुगेका मुद्दा र आर्थिक संकटजस्ता विषयमा गम्भीर छलफल भएको थियो ।

बैठकले संविधानको मर्मविपरीत पत्रकार र सञ्चारमाध्यमप्रति हुने कुनै पनि हस्तक्षेपप्रति स्पष्ट असहमति जनाउँदै यस्ता कार्यप्रति काउन्सिल सहमत नहुने निर्णय गरेको छ । पत्रकार र सञ्चारमाध्यमलाई आचारसंहिताको कडाइका साथ पालना गर्न आग्रह गर्दै काउन्सिलले प्रेस स्वतन्त्रताको सदुपयोगलाई थप सुदृढ बनाउने प्रतिबद्धता दोहोऱ्याएको छ । यसका लागि तालिम, अभिमुखीकरण तथा विज्ञ सूची अद्यावधिक गर्दै पत्रकारलाई निरन्तर सचेत गराउने निर्णय लिइएको छ ।

नयाँ कार्यकाललाई लक्षित गर्दै काउन्सिलले आगामी चार वर्षका लागि स्पष्ट कार्ययोजना निर्माण गरी कार्यान्वयनमा जाने निर्णयसमेत गरेको छ । साथै, पत्रकार आचारसंहिता, सञ्चार निर्देशिकालगायतका कार्यविधिहरू आवश्यकतानुसार संशोधन गर्दै लैजाने र युट्युबलगायत डिजिटल प्लेटफर्ममार्फत भइरहेको पत्रकारितालाई थप व्यवस्थित गर्ने तयारी गरिएको छ ।

बैठकले मित्रराष्ट्रका प्रेस काउन्सिलहरूसँग द्विपक्षीय सहकार्य र सम्झौता विस्तार गर्दै पहिल्यै भएका सम्झौतालाई निरन्तरता दिने निर्णय गरेको छ ।

काउन्सिलभित्र लामो समयदेखि संशोधन हुन नसकेका कार्यव्यवस्था नियमावली, आर्थिक प्रशासन विनियमावली र कर्मचारी विनियमावलीका सम्बन्धमा थप पहल गरेर आवश्यक सुधार गर्ने पनि बैठकले तय गरेको छ । साथै, काउन्सिलले आफ्ना निर्णयहरू संस्थागत रूपमा एकद्वार प्रणालीमार्फत सार्वजनिक गर्ने कार्यप्रणालीलाई अपनाउने भएको छ ।

काउन्सिल ऐनको दफा ९ बमोजिम गठन गरिएका उपसमितिमा सदस्यहरूको जिम्मेवारी तोकिएको छ भने उपसमितिको पुनर्गठन अध्ययन गर्न गठित हरिप्रसाद जोशी संयोजकत्वको टोलीको प्रतिवेदनलाई आगामी बैठकमा छलफल गरिने निर्णय गरिएको छ । त्यस्तै, प्रेस काउन्सिल पत्रकारिता पुरस्कार कार्यविधि, २०८१ अनुसार सिफारिस उपसमिति गठन गर्ने निर्णय भएको छ ।

बैठकले काउन्सिलमा कार्यरत करार कर्मचारीका विषयमा थप अध्ययन गरी अर्को बैठकमा छलफल गर्ने तयारीसमेत गरेको छ । आर्थिक वर्ष २०८१/८२ का कार्यहरू संशोधन र परिमार्जनसहित अभिलेख राख्ने निर्णय लिइएको छ भने निवर्तमान अध्यक्ष तथा सदस्यहरूलाई धन्यवाद दिने प्रस्तावसमेत पारित गरिएको छ ।

बैठकमा सदस्यहरू निमा काफ्ले, केशवशरण लामिछाने, नकुल अर्याल, पदमराज जोशी, बालकृष्ण अधिकारी, विजयराज अधिकारी, शन्तराम बिडारी र सदस्य सचिव मिनकुमार शर्माको उपस्थिति रहेको थियो । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको मन्त्रीस्तरीय निर्णयबाट मनोनयन भएका नयाँ सदस्यहरूको सहभागितामा सम्पन्न यो बैठक प्रेस काउन्सिल नेपालको कार्यशैली रूपान्तरण गर्ने दिशातर्फको पहलका रूपमा हेरिएको छ ।

### प्रधानमन्त्रीसहित...

गुप्ताले भूमि व्यवस्थामन्त्री बलराम अधिकारीलाई समेत मुछेका छन । १० असारमा अख्तियारमा परेको सो उजुरीको आधारमा अनुसन्धान प्रक्रिया अघि बढाएको अख्तियारले जनाएको छ ।

कास्कीका तत्कालीन मालपोत कार्यालय प्रमुख रामचन्द्र अधिकारीलाई थमौती गरिदिने र भूमि आयोगको जिल्ला अध्यक्ष नियुक्तिको विषयमा घुस डिल भइरहेको अडियो सार्वजनीक भएको थियो । प्राप्त अडियोमा एमालेका गण्डकी प्रदेश सदस्य खेमबहादुर पुनलाई भूमि आयोग कास्कीको अध्यक्षमा नियुक्त गर्न बिचौलियाले २५ लाख घुसको प्रस्ताव गरेको बुझिन्छ । संवाद भएकै दिन १५ लाख र भोलिपल्ट थप १० दिने अडियोमा सुनिन्छ । यो प्रकरणले गुप्ताको मन्त्री पद धरापमा परेको छ । त्यस्तै प्रधानमन्त्रीको टोलीमा स्पेन गएर नफर्केका भन्ने विषयमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद सुमना श्रेष्ठले प्रधानमन्त्री ओलीको जवाफ मागिन् । ओलीसँग स्पेन भ्रमणमा गएका केही मानिसहरू नफर्किएको विषय सदनमा उठेपछि नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौलाले भ्रामक, तथ्यहीन र आपत्तिजनक विषयहरू संसद्मा राख्न नहुने र प्रमाणित गरेर देखाउन चुनौती दिँदै उक्त कुरा संसद्को रेकर्डबाट हटाउन माग गरेका थिए । यस अघि सुशासन आयोग गठन गरेर आयोगको प्रमुख आफै बनेको विषयमा समेत प्रधानमन्त्री ओलीको आलोचना भइरहेको छ ।

### आलोचित संचारमन्त्री

सञ्चार सूचना तथा प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरूङ पोखरा पुगेर १५ भदौ २०८१ मा प्रहरी समायोजन सम्बन्धी विषयमा ‘आईजीपीको जिब्रो थुत्नुपर्ने’ अभिव्यक्ति दिएका थिए । सो अभिव्यक्तिपछि प्रधानमन्त्री केपी शर्मा ओलीले समेत अभिव्यक्ति दिँदा गम्भीर भएर दिन सचेत गराएका थिए । आईजीपीको जिब्रो थुत्नुपर्ने’ भनेपछि केपीले सचेत गराए पृथ्वीलाई सोही अभिव्यक्तिलाई लिएर सरकारका प्रवक्तासमेत रहेका मन्त्री गुरुङमाथि माफी माग्दै उनलाई कारबाही गर्न प्रधानमन्त्री ओलीमाथि पूर्वप्रहरी संगठन प्रमुख मञ्चले ध्यानाकर्षण गरेका थिए ।

### खाडी मुलुक जानेमाथि निर्मम श्रममन्त्री

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरद सिंह भण्डारीले कोरियामा दक्ष कामदार पठाउने प्रकृयामा म्यानपावर व्यवसायीलाई संलग्न गराउने निर्णय गरेकोप्रति चौतर्फी आलोचना भएको थियो । मन्त्री भण्डारीले म्यानपावर कम्पनी मार्फत कोरियामा उच्च दक्ष कामदार पठाउने गरी नियम संसोधन गरेका थिए । तर यसरी म्यानपावर कम्पनी मार्फत कोरियामा उच्च दक्ष कामदार पठाउदा रोजगारीमा जानेहरुमाथि ठुलो आर्थिक भार पर्ने तथा अनियमितता हुने भन्दै मन्त्री भण्डारीको आलोचना भएको थियो । मन्त्री भण्डारी अघिल्लो पटक मन्त्री हुँदा पनि उच्च दक्ष कामदारलाई म्यानपावर कम्पनी मार्फत कोरिया पठाउने प्रकृयाबारे निर्णय गरेका थिए । नेपाल सरकारले केहि वर्षदेखि नै कोरियाको रोजगार अनुमती प्रणाली इपिएस मार्फत कोरियामा नेपाली कामदार पठाउदै आएको छ ।

### सुपारी तस्करसँगको साठगाँठमा आपूर्तिमन्त्री

उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी पनि विवादमा छन् । सुपारी तस्करलाई प्रोत्साहन गर्ने नियमावली र कार्यदेश संशाोधन गरेको उनिमाथि आरोप छ । प्रधानमन्त्री ओलीले कारबाही नगर्नुले उनकै निर्देशनमा मन्त्री भण्डारीले कमाउधन्दा जारी राखेको आरोप खेप्दै आएका छन् । स्वदेशमा सुपारी उत्पादन पर्याप्त हुँदाहुँदै सरकारले अवैध निर्यातलाई प्रोत्साहन गर्न १२ उद्योगलाई करिब साढे ११ हजार टन आयातको अनुमति दिएर यसको तस्करीलाई प्रोत्साहन गरेको भन्दै उनिमाथि कारबाहीको माग गरिएको छ । तेस्रो मुलकबाट नेपालमा आयात भएको सुपारी, मरीच, केराउ र छोकडा भारततर्फ तस्करी हुने क्रम बढेपछि सरकारले २०७६ चैत २४ गते राजपत्रमा सूचना प्रकाशित गर्दै नेपालमा सुपारी, मरीच, केराउ र छोकडाको आयात प्रतिबन्ध गरेको थियो ।

### कर्मचारी दुर्व्यवहारको आरोपमा सुडी

महिला कर्मचारीलाई कार्यकक्षमा दुर्व्यवहार गरेको भन्दै महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीमाथि आरोप लागेको थियो । मन्त्री सुडीले मन्त्रालयका सचिवसहित उपल्लो तहका महिला कर्मचारीहरूकै अगाडि एक महिला कर्मचारीलाई दुर्व्यवहार गरेको भन्दै चर्को आलोचना भएको थियो । मन्त्रालयल दिने पुरस्कारमा आफ्नो व्यक्ति नपर्ने भएपछि त्यसैको रिसमा मन्त्री सुडीले १४ जेठमा ती महिला कर्मचारीलाई दुर्व्यवहार गरेका आरोप लागेको हो ।

प्रधानमन्त्री सहित उनको क्याविनेटका ४० प्रतिशत मन्त्री विभिन्न विवादमा मुछिएपनि मन्त्रीमण्डल हेरफेर भएको छैन् । जुन अपेक्षाकासाथ सरकार गठन भएको थियो, त्यसको विपरित काम भएको भन्दै सरकारप्रति आमरूपमा टिप्पणी भइरहेको छ ।

### नैतिकताको...

अख्तियारको प्रारम्भिक अनुसन्धानमा सेटिङको सञ्जाल संगठित र संस्थागत रूपमा चलेको देखिएको छ । जसको लहरो गृह मन्त्रालयसम्मै पुग्ने देखिएकाले यो प्रकरणमा गृहमन्त्री लेखक शंकाको घेरामा रहेका छन् । यद्यपि यो विषयमा छानविन गर्न समिति बनिसकेको छ । गृहमन्त्री लेखकले यो प्रकरणमा जोसुकै जोडिएको पाइएपनि कारबाही गरेरै छाड्ने भन्दै आफ्नो संलग्नता नरहेको दाबी गर्दै आएका छन् ।

### प्रश्नले...

निकाल्नुअघि नयाँ कार्यविधि निर्माण गरिएको र सेटिङमा आयोजना दिने गरी अघि बढाइएको विषयमा संसदको लेखा समितिमा ललिन्द्र राईले १२ पुसमा उजुरी दिएर छानबिन माग गरेका थिए । मन्त्री दीपक खड्काको कम्पनी खड्का ल्यान्ड डेभलपमेन्ट प्रालि र नेपाल स्काउट बीचको विवाद समेत उत्कर्षमा छ ।

### मनोमानीमा...

थिए । तर, उनले आगामी आर्थिक वर्षको मन्त्रालयको बजेट बनाउँदा पिता गणेशमान सिंहको नाममा ४५ भन्दा बढी योजनामा बजेट छरेपछि आलोचना भएको छ ।गणेशमान सिंहका नाममा पार्क, भवन, सभाहलजस्ता पूर्वाधार बनाउने योजनामा मन्त्रालयले करोडौं बजेट विनियोजन गरेको छ । यसले गणेशमानको ओज घटाएको देखि प्रकाशमानले काठमाडौं बाहिर नदेखेको भन्ने सम्मको आरोप खेप्नुपरेको छ ।

### न्यायाधीशले...

विवरण समावेश गर्नुपर्ने हुन्छ । दान र उपहारको विवरण, परामर्शदाताका रूपमा काम गरेको भए त्यसको जानकारी र पारिश्रमिक, सेयर लगानी, परिवारको सम्पत्ति र पेसा व्यवसाय पनि फारममा समावेश गरेर सार्वजनिक गर्नुपर्ने हुन्छ । कुनै कम्पनी वा संस्थामा संलग्न भए त्यसको जानकारी पनि अनिवार्य रुपमा सार्वजनिक गरी आफू संलग्न जिम्मेवारीसँग सम्बन्धित कार्यालयमा बुझाउनुपर्ने छ । फारममा उल्लेख भएअनुसार सवारीसाधन भए के कति छन्, समाज सेवामा संलग्न भए ति संस्था के हुन, कुनै दण्ड पाएको भए त्यो कस्तो दण्ड हो यो समेत सार्वजनिक गर्नुपर्ने हुन्छ । सार्वजनिक पदाधिकारीले सार्वजनिक गर्ने विवरण सर्वसाधारणको पहुँच हुने प्रावधान पनि मस्यौदामै छ । विधेयकको दफा १६ मा ‘सार्वजनिक लिखत हुने’ सम्बन्धी व्यवस्था छ । उपदफा १ मा भनिएको छ, ‘यस ऐन बमोजिम सार्वजनिक पदाधिकारीले दफा १५ को उपदफा (१) बमोजिम पेश गरेको विवरण सार्वजनिक लिखत हुनेछ ।

सार्वजनिक पदाधिकारीको सम्पत्ति विवरण सम्बन्धित निकायले आफ्नो वेबसाइटमा राखु पर्ने बाध्यकारी प्रावधान प्रस्तावित छ ।

विधेयकको दफा १५ को उपदफा २ मा भनिएको छ, ‘उपदफा (१) बमोजिमको लिखतमा सर्वसाधारणको पहुँच हुनेगरी सम्बन्धित सार्वजनिक निकायले आफ्नो वेबसाइटमा राखु पर्नेछ ।’

### उपभोक्ताको...

थालेको उपभोक्ता अदालतले हालसम्म ओम अस्पताल, हिमाल अस्पताल र ग्रान्डीसिटी गरी तीन अस्पताल र बिरामीको उपचारमा संलग्न चिकित्सकले क्षतिपूर्ति तिर्नुपर्ने गरी फैसला गरेको छ । यस अगाडि उपचारमा लापरबाही गरेको आरोपमाथि सुनुवाइ गर्ने बलियो संरचनाको अभावमा अस्पतालमा तोडफोड हुने तथा चिकित्सक नै कुटिनेसम्मको घटनाहरू हुन्थ्यो । तर अदालत गठनपछि उपभोक्ता कानुनी उपचारका लागि अदालत जान थालेका छन् ।

तर, उपचारमा संलग्न चिकित्सकलाई पनि जरिवाना गराएको भन्दै चिकित्सकहरूसँग सम्बन्धित संगठनहरू एकीकृत भएर दबाब बढाउन अस्पतालै बन्द गरी आन्दोलनमा उत्रिए । आन्दोलनको कार्यक्रमको नेतृत्व नेपाल चिकित्सक संघले गरेको थियो ।

स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रको सेवा रोक्न पाइँदैन । तर, उपभोक्ता अदालत गठन भएर उपभोक्ताको पक्षमा फैसला गरेपछि चिकित्सक संघ उपभोक्ता अदालतले गरेको फैसलाको विरुद्धमा मात्रै उत्रिएको छैन, अदालतले बिरामीको पक्षमा गरेको फैसलाको विरुद्धमा बिरामीलाई नै उपचारबाट वञ्चित गर्ने र अदालतको फैसलालाई नै प्रभाव पार्ने गरी आन्दोलन गऱ्यो ।

चिकित्सकले गरेका उपचार तथा उपचार प्रक्रियामा चित्त नबुझेको खण्डमा बिरामी (पीडित पक्ष) नेपाल मेडिकल काउन्सिलमा पुग्न सक्छन् । काउन्सिलको निर्णयमा चित्त नबुझेको खण्डमा न्यायका लागि जाने अदालत नै हो । उपभोक्ता अदालतको फैसला चित्त नबुझे पुनरावेदन गर्न सकिन्छ ।

तर चिकित्सकका संगठन न्यायिक प्रक्रियाको साटो निजी मेडिकल कलेज सञ्चालकहरूको संगठनसँग मिलेर अदालतको फैसला विरुद्ध स्वास्थ्य हडतालमा उत्रिए ।

सरकार र आन्दोलनरत पक्षबीच गत मंगलबार राति भएको सहमतिमा सरोकारवालाहरूको मागहरूको यथोचित संशोधन गर्न विद्यमान कानुनी एवं नीतिगत व्यवस्थामा आवश्यक संशोधनलगायतका विषयमा सात दिनभित्र सुझावसहितको प्रतिवेदन पेस गर्ने गरी कार्यदल बनाउने सहमति भएको छ । कार्यदल बनाउने समय बित्न लाग्दा पनि आइतबारसम्म कार्यदल बनेको छैन । ‘स्वास्थ्य सेवा ठप्पप्रायः हुने स्थिति बनेपछि त्यसलाई कुन विधिबाट सम्बोधन गर्न मिल्छ भनेर हेर्दा सरकारले ऐनमा सहजीकरण गर्न आवश्यक ठानेको छ’, उद्योग मन्त्री दामोदर भण्डारीले भने, ‘चिकित्सक सेवालाई पनि जवाफदेही बनाउने र उपभोक्ता हितको विषयलाई पनि सम्बोधन गर्ने गरी ऐनमा केही परिमार्जन गरिनेछ ।’ मन्त्री भण्डारी कानुन संशोधनका क्रममा चिकित्सा क्षेत्रलाई जवाफदेही बनाउने र उपभोक्ताको अधिकार पनि नखुम्चने बाटो खोजिने बताउँछन् ।

सरकारसँग सहमति गरेर चिकित्सकहरू बुधवारबाट काममा फर्किसकेका छन् । सरकारले चिकित्सकहरूसँग ‘फास्ट ट्र्याकबाट कानुन संशोधनको प्रक्रिया अघि बढाउन सहमति जनाएको छ ।

सहमति अनुसार उपभोक्ता संरक्षण ऐन, २०७५ लगायतका विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाको आवश्यक संशोधनका लागि ११ दिनभित्र सरकार लेसम्बन्धित मन्त्रालयसँग सैद्धान्तिक सहमति लिने भनिएको छ ।

### कानुन...

विष्णु तिमल्सिना चिकित्सकहरूको पक्षमा सरकारले कानुन नै संशोधन गर्न खोज्नु उचित नभएको बताउँछन् ।

‘नेपालको संविधानले नै उपभोक्ताको हकलाई मौलिक हकका रूपमा परिभाषित गरेको छ’, उनले भने, ‘संविधानले गरेको व्यवस्था र विधायिकाले बनाएको ऐनलाई कसैको आन्दोलनलाई देखाएर संशोधन गर्न खोज्नु गैरसंवैधानिक हो ।’ तिमिल्सिनाले सरकार नागरिक अधिकार कुण्ठित गर्ने काममा आफैं लागेको टिप्पणी पनि गरे । उनी उपभोक्ता हित, स्वच्छ बजार र प्रतिष्पर्धी बजारको विषय सरकारको प्राथमिकतामा पर्दै नपरेको पनि दाबी गर्छन् । तिमल्सिनाले उपभोक्ता अदालतले गरेको फैसला चित्त नबुझेको अवस्थामा कानुनले नै पुनरावेदन गर्न पाउने अधिकार दिएको पनि उल्लेख गरे ।

संविधानको धारा ४४ मा प्रत्येक उपभोक्तालई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुने र गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने उल्लेख छ । यस्तै उपभोक्ता संरक्षण ऐन, २०७५ ले कुनै पनि वस्तु र सेवा लिँदा उपभोक्तालाई हानि पुगेमा क्षतिपूर्ति पाउने व्यवस्था छ ।

तर चिकितसक संघका अध्यक्ष अनिल कार्की चिकित्सकीय अभ्याससम्बन्धी मुद्दा उद्योगसम्बन्धी अदालतले हेर्दा जटिलता देखिएको तर्क गर्छन् । ‘चिकित्सकबाट गल्ती हुँदैन भनेका होइनौं, क्षतिपूर्ति भराउन हुँदैन पनि भनेका छैनौ । तर, त्यस्ता विषय मेडिकल काउन्सिलबाट हेरियोस्, चित्त नबुझे उच्च अदालत जाने प्रबन्ध गरियोस् र त्यहाँ पनि मेडिकल जुरी बनाइयोस् भन्ने हाम्रो माग हो,’ उनले भने ।

उपभोक्ता अदालत गठन नहुँदासम्म चिकित्सकहरूको व्यावसायिक आचरणसँग सम्बन्धित मामिला नेपाल मेडिकल काउन्सिलले र फौजदारी कसुरका मुद्दा जिल्ला अदालतले हेर्दै आएको थियो ।

गत चैतमा गठन भएको उपभोक्ता अदालतले धमाधम चिकित्सा सेवासँग सम्बन्धित मुद्दाहरू निरुपण गर्दै अस्पताल तथा उपचारमा संलग्न चिकित्सकले मुद्दाका वादीलाई क्षतिपूर्ति तिर्नुपर्ने फैसला सुनाउन थालेपछि चिकित्सकहरू त्रसित भएका हुन् ।

चिकित्सकीय अभ्यासलाई नियमन गर्ने अधिकार नेपाल मेडिकल काउन्सिलकै क्षेत्राधिकारभित्र राखिनुपर्ने चिकित्सकहरूको माग छ । मेडिकल काउन्सिलका अनुसार आर्थिक वर्ष २०८०/८१ मा ७० वटा उजुरी परेकामा २७ वटामा निर्णय भएको छ । त्यसबाहेक २६ वटा उजुरी विचाराधीन छन् भने छ वटालाई तामेलीमा राखिएको छ । त्यस्तै आर्थिक वर्ष २०७९/८० मा ९० उजुरी परेकामा ४४ वटामा निर्णय भएका छन्, २१ वटा प्रक्रियामा छन् भने २४ तामेलीमा र एउटा निवेदन फिर्ता भएको छ ।

यद्यपि काउन्सिलले दोषी ठहरिएका चिकित्सकलाई कारबाही गरे पनि पीडित उपभोक्तालाई क्षतिपूर्ति भराएको छैन ।

### निस्तेज...

भएको मानिनेछ । करिब ७९ वटा कानुनका विभिन्न दफाहरू संशोधन गर्न बनेको यस विधेयकमा वैदेशिक रोजगार व्यवसायीको इजाजत नवीकरणका लागि अनिवार्यरूपमा वार्षिक सय जना कामदारको श्रम स्वीकृति लिनुपर्ने प्रावधान खारेज गरिएको छ ।

विधेयकमाथिको सैद्धान्तिक छलफलपछि कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले ‘केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१’ लाई पारित गरियोस् भनि प्रतिनिधि सभाको बैठकामा प्रस्ताव प्रस्तुत गरेका थिए । सो प्रस्ताव प्रतिनिधि सभाबाट पारित भएको हो ।

तत्कालीन मन्त्री गोकर्ण विष्टको पालामा २०७५ फागुन १९ गते केही नेपाल ऐन संशोधन गर्ने ऐनमार्फत धरौटी वृद्धि, एकाघर परिवारले दुई वटा म्यानपावर कम्पनी राख्न नपाउनेसहित इजाजत नवीकरणका लागि वार्षिक सय जना कामदार अनिवार्यरूपमा पठाउनुपर्ने प्रावधान थप भएको थियो । नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र अधिकांश वैदेशिक रोजगार व्यवसायीले सुरुवातदेखि नै असहमति जनाएको ऐनको उक्त प्रावधान एकपटक पनि कार्यान्वयनमा नआइ खारेजीमा पर्ने भएको छ ।

विधेयकमा संख्या सय प्रावधान खारेज भएपनि वैदेशिक रोजगार ऐन २०६४ को दफा ५३ मा रहेको म्यानपावर कम्पनीलाई वैदेशिक रोजगार विभागले गर्ने जरिवाना भने वृद्धि गरिएको छ । दफा ५३ मा ‘त्यस्तो इजाजतपत्रवालालाई एक लाख रुपैयाँ जरिवाना’ भन्ने वाक्यांशको सट्टा ‘त्यस्तो इजाजतपत्रवालालाई त्यसरी वैदेशिक रोजगारमा पठाएको कामदार संख्याको आधारमा जनही ५० रुपैयाँका दरले हुन आउने रकम जरिवाना’ भन्ने वाक्यांश थप गर्ने विषयमा प्रतिनिधि सभाको मानव अधिकार समितिमा सहमति भएको, तर पछि पुरानै एक लाख जरिवाना भन्ने व्यवस्था राखेर पारित भएको बताइएको छ । यो व्यवस्थाले वैदेशिक रोजगारमा कामदार पठाउन १० हजार रुपैयाँ सेवा शुल्क लिन पाउने वैदेशिक रोजगार व्यवसायीले जरिवाना भने १० गुणा बढी तिर्नुपर्ने भएको छ । वैदेशिक रोजगार व्यवसायीले कसुरको गाम्भीर्यताका आधारमा दण्ड दिने अन्तर्राष्ट्रिय प्रचलन विपरीत भएको बताएका छन् । जरिवाना रकम वृद्धि भएको भएपनि संख्या सय समस्या समाधान भएको भन्दै व्यवसायीहरूले एकआपसमा बधाई साटासाट गरेका छन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव महेशकुमार बस्नेतले केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक प्रतिनिधि सभाबाट स्वीकृत भएसँगै व्यवसायीहरूले प्रत्येक वर्ष सय जना कामदार पठाउनैपर्ने बाध्यकारी र अव्यवहारिक नियम सधैंका लागि अन्त्य भएको बताएका छन् ।

महासचिव बस्नेतले संख्या सय समस्या समाधानका लागि संघ र सम्बन्धित निकायलाई विश्वास गरी यस प्रक्रियामा सकारात्मक सोचका साथ सहयोग गर्ने सम्पूर्ण अग्रज, मन्त्री, सांसद, विभिन्न मन्त्रालयका सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार महाशाखा प्रमुख, विभागका महानिर्देशकलगायत सम्पूर्ण कर्मचारीहरूका साथै घटक-शुभेच्छुक संस्थाका अध्यक्षलगायत पदाधिकारी तथा सम्पूर्ण व्यवसायीहरूमा धन्यवाद ज्ञापन गरेका छन् ।

त्यसैगरी प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालले बाध्यकारी संख्या सय हटाउने निर्णय ऐतिहासिक भन्दै वैदेशिक रोजगार व्यवसायीलाई बाध्यात्मकरूपमा वार्षिक सय जना श्रमिक पठाउनुपर्ने व्यवस्थालाई हटाउने व्यवस्थाले लामो समयदेखि व्यवसायीले भोग्दै आएको अन्यायपूर्ण, विभेदकारी र अव्यवहारिक कानुनी प्रावधान अन्त्य भएको बताएको छ । मञ्चका अध्यक्ष जनक रावलले विज्ञप्ति जारी गर्दै महत्वपूर्ण निर्णयको नेतृत्व गर्ने नेपाल सरकार, श्रममन्त्री शरतसिंह भण्डारी, दुवै सदनका सांसद, संघको निवर्तमान कार्यसमितिसहित सबैप्रति आभार व्यक्त गरेका छन् ।

# सिँचाइ अभावले रोपाइँ प्रभावित, किसान चिन्तित



**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, २९ असार

सिँचाइ सुविधाको अभावका कारण बारा र रौतहटका किसानहरू समस्यामा परेका छन् । समयमै पानी नपर्दा धान रोपाइँमा ढिलाइ भएको छ, भने रोपेका धानका बिरुवा पनि सुक्ने अवस्था पुगेको किसानहरूले गुनासो गरेका छन् । प्रत्येक निर्वाचनका बेला नेताहरूले सिँचाइ, मल र बीउको व्यवस्था गर्ने आश्वासन दिएपनि चुनावपछि ती वाचा पूरा नहुने गरेको स्थानीय किसानहरूको गुनासो छ ।

‘चुनावका बेला खोला फर्काउने वाचा गर्छन्, अहिले खेतमा पानी छैन,’ रौतहटका एक किसानले भने,‘हामी भोट फिर्ता माग्न सक्दैनौं, तर अब भोट दिएर के पाइन्छ भन्ने सोच्न थालेका छौं ।’ यी क्षेत्रका प्रमुख सिँचाइ परियोजनाहरूमा ढिलाइ, नहरहरूको मर्मत नहुनु र सरकारको ध्यान नपुग्नुले किसानहरूमा निराशा र आक्रोश बढ्दै गएको छ ।

### “जान”को...

रिटका पक्षमा निवेदक रहेका अधिवक्ताहरूसहित वरिष्ठ अधिवक्ताद्वय शम्भु थापा र देवराज कटुवाल तथा विपक्षी ‘जान’का तर्फबाट वरिष्ठ अधिवक्ताद्वय चन्द्रकान्त ज्ञवाली र सिताराम केसीलगायतले बहस गरेका थिए ।

परीक्षा रोक्न अन्तरिम आदेश जारी गर्न इन्कार गरेको इजलासले भाषा परीक्षाका लागि ‘जान’ले लिने शुल्कका विषयमा वैदेशिक रोजगार बोर्डसँग लिखित जानकारी माग गरेको छ । रिट निवेदनमा भाषा परीक्षाका नाममा विगत १५ वर्षदेखि अन्याय भएको र जापान जाने कामदारले जापानी भाषाको परीक्षा दिनुपर्ने व्यवस्था वैदेशिक रोजगार ऐनमा नरहेको निवेदकहरूले उल्लेख गरेका थिए ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग, नेपाल जाइका अल्मुनाई एसोसिएसन ‘जान’ समेतलाई विपक्षी बनाइएको उक्त रिटमा असार १७ गतेदेखि प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल पनि जोडिएको थियो । मञ्चले असार १७ गते सरोकारवाला भएकाले रिटको छलफलमा सरिक हुन पाउँ भन्दै निवेदन दर्ता गराएको थियो । ‘जान’ नामक संस्थाको भाषा परीक्षाबारे सर्वत्र आलोचना भएको छ । यसअघि प्रतिनिधिसभा सदस्य प्रतिमा गौतम, नेपाली कांग्रेसका केन्द्रीय सदस्य अजयबाबु सिवाकोटी र प्रकाश रसाइली स्नेहीले जापानको भिसा पाइसकेका नेपाली प्रशिक्षार्थी कामदारहरूलाई नेपालमै अनधिकृत संस्थामार्फत भाषा परीक्षा दिन बाध्य पारिने घटना गम्भीर आपत्तिको विषय भएको जनाएका थिए ।

**यूएईमा रोजगार**
कम्पनी: Arabia Taxi LLC
पूर्व स्वीकृत मिति: २०८१/०९/११
चलानी नं.: ६०२३०४३०
L.T. No.: 316188
शहर: UAE
पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| 1. | LIGHT DUTY DRIVERS (TAXI DRIVER) | 23 | 0 | स. काममा दक्ष | 1500 | ५५,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता ब्रितामोड, झापामा २०८२ साउन ५ गते (21 July 2025) मा हुनेछ ।
अन्तर्वार्ता मुनाल ट्रेनिङ सेन्टर, सुनसरीमा २०८२ साउन ५ गते (21 July 2025) मा हुनेछ ।
अन्तर्वार्ता भरतपुर गार्डेन रिसोर्ट, चितवनमा २०८२ साउन ६ गते (22 July 2025) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालाय काठमाण्डौमा २०८२ साउन ७ गते (23 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.**
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056512368, 9761890793, 9765228663, 056512369, 9769328733, Jhapa Contact 980202898
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

# सरकारको एक वर्ष उपलब्धिविहीन : माओवादी

**काठमाडौं/मस–** प्रमुख प्रतिपक्ष दल नेकपा (माओवादी केन्द्र) ले सरकारको एक वर्ष उपलब्धिविहीन भएको समीक्षा गरेको छ । प्रतिनिधिसभा बैठकको आइतबार शून्य समयमा बोल्दै माओवादी उपमहासचिव एवम् सांसद शक्ति बस्नेतले सरकारको समीक्षा गरेका हुन् ।



'निकै ठूलो हुंकारसहित गठन भएको सरकारले एक वर्ष पूरा गरेको छ । यसबीचमा संविधान संशोधनको कुरा त हुनै छाड्यो । बस्नेतले संविधान संशोधन गर्ने बाचासहित बनेको वर्तमान सरकारले चर्चा समेत गर्न छाडेको टिप्पणी गरे ।

सरकारको आर्थिक विकासको मोडलको बारेमा त संसद् उदाङ्गो भइसकेको पनि छ । अनियमितताको ढाकछोप गर्नु सरकारको नियति र नियमित काम जस्तै देखिन्छ । जनसरकारका विषयप्रति सरकार बेखबर हुँदै गइरहेको छ,' बस्नेतले भने । उनले सरकार उल्टो राज्यका सबै अंग, निकायहरूलाई आफ्नो प्रभावमा पारेर आफ्नो स्वेच्छाचारी कदमहरूलाई ढाकछोप गर्ने, पुष्टि गर्ने कसरत गरिरहेको बताए । 'भारी मनसुनको पूर्वानुमान भइरहेको अवस्थामा यूएनडीपी र इसिमोडले नेपालका २१ वटा हिमतालहरू र सीमा क्षेत्रको समेत गरी ४६ वटा हिमतालहरू विष्फोटनका जोखिममा रहेको रिपोर्टहरू सार्वजिन गरिरहेको सन्दर्भमा सरकार यसप्रति बेखबर नै देखियो । पूर्वतयारीको कुनै पनि काम गरिरहेको देखिँदैन,' उनले भनेका छन् ।

नेपाली कांग्रेस र नेकपा एमालेले गत वर्ष १७ असार मध्यराति नयाँ सरकार बनाउने गरी ७ बुँदे समझदारी गरेका थिए । उक्त सहमतिअनुसार सरकारमा सहभागी नेकपा एमाले बाहिरिएपछि तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई दिएको विश्वासको मत फिर्ता लिएका थिए । त्यसपछि अल्पमतमा परेका प्रचण्डले २८ असार २०८१ मा विश्वासको मत माग्दा आवश्यक मत प्राप्त गर्न सकेनन् र पदमुक्त भएका थिए ।

त्यसपछि कांग्रेस र एमालेसहिको सरकार बन्यो । एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बने । प्रतिनिधिसभाका दुई ठूला दल नै सत्तागठबन्धन रहेको भनेर उठेका प्रश्नको जवाफमा दुवै दलले ७ बुँदे सहमति देखाउँदै आएका छन् ।

१७ असार २०८१ मध्यराति संयुक्त सरकार बनाउने गरी दुई दलबीच भएको ७ बुँदे समझदारी बुँदा नम्बर दुईमा संविधान संशोधन गर्ने प्रतिबद्धता छ ।

बस्नेतका अनुसार सरकारले संविधान संशोधनको बाचा पूरा नगरेको मात्रै होइन । अन्य काममा समेत सफलता हात पार्न नसकेको उनको आरोप छ । 'सरकारको आर्थिक विकास र यसको मोडेलको बारेमा सदन उदांगो भइसकेको छ । अनियमितताको ढाकछोप गर्नु सरकारको नियति र नियमित कार्यजस्तै देखिन्छ' बस्नेतको टिप्पणी छ ।

# शेर्पा संघ कतारको अध्यक्षमा रविन शेर्पा सर्वसम्मत

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २९ असोज



नयाँ कार्यसमिति चयन गर्दै शेर्पा संघ कतारको पाँचौ अधिवेशन दोहामा सम्पन्न भएको छ ।

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१३ नुनथला खोटाङका रविन शेर्पाको अध्यक्षतामा सर्वसम्मत नयाँ कार्यसमिति चयन गर्दै अधिवेशन सम्पन्न भएको हो । संघको उपाध्यक्षद्वयमा ल्हेमी शेर्पा र सुनिता शेर्पा, महासचिवमा गम्बु शेर्पा, सचिवमा प्रदीप शेर्पा, कोषाध्यक्षमा सोनम डोल्मा शेर्पा र सह-कोषाध्यक्षमा लाक्पा डेन्डी शेर्पा चयन भएका छन् ।

त्यस्तै सदस्यहरूमा कल्देन शेर्पा, याङडु शेर्पा, सेन्जा शेर्पा, ल्हामु शेर्पा र तेन्डी शेर्पा रहेका छन् । संघका अध्यक्ष पेम्बा शेर्पाको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल आदिवासी जनजाति महासंघ कतारका अध्यक्ष राकेश श्रेष्ठको प्रमुख आतिथ्यता रहेको थियो । अधिवेशनमा बोल्दै प्रमुख अतिथि श्रेष्ठले आफ्नो पन र मौलिकता बोकेको समुदायले आदिवासी जनजातिहरूको केन्द्रीय विधान बमोजिम आफूलाई परिमार्जित गर्दै लगेकोमा खुसी व्यक्त गरे ।

श्रेष्ठले किदुंग हुँदै संघसम्मको यात्रा र परिवर्तनले शेर्पाहरूसँगको सहकार्य झन् बलियो बनेको बताए । उपाध्यक्ष रविन शेर्पाले सहजीकरण गरेको अधिवेशनमा महिला संयोजक सुनिता शेर्पाले स्वागत मन्तव्य राखेको समापन गर्दै सभाध्यक्ष पेम्बा शेर्पाले सामुदायिक एकता अपरिहार्य रहेको बताए । अधिवेशनमा विभिन्न कलाकारहरूले आफ्ना साङ्गीतिक प्रस्तुति दिएका थिए । संघले कलाकारहरू, आदिवासी जनजाति महासंघमा आबद्ध रहेका मातृ संस्थासहित सहयोगी संस्थाहरू, विशिष्ट व्यक्तित्वहरूसहित प्रमुख अतिथिलाई सम्मान गरेको थियो । कतारमा स्थापित विभिन्न संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधिहरूसहित शेर्पाहरूको बाक्लो उपस्थिति रहेको थियो ।

शेर्पाहरूको हकहित र अधिकारको खोजी गर्न तथा धर्म, संस्कार संस्कृति संरक्षण र प्रवर्द्धनको पाटोमा काम गर्ने उद्देश्यले सन् २०१७ मा कतारमा संघको स्थापना गरिएको हो ।

# जीविकोपार्जन र विकासमा सामुदायिक वनको योगदान उल्लेखनीय

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २९ असार

अर्घाखाँचीका सामुदायिक वनहरू वन संरक्षणका लागि मात्र सीमित नभइ समुदायको समग्र विकास, जीविकोपार्जन, स्वरोजगार सिर्जना तथा सामाजिक सेवामा सक्रिय रूपमा सहभागी हुँदै आएका छन् ।



स्थानीय उपभोक्ताहरूको समस्यामा साथ दिँदै सामुदायिक वन समूहहरूले आवश्यक सहयोग पु¥याउँदै आएका छन् । यसका कारण कतिपय उपभोक्ताहरूले सरल रूपमा जीवनयापन गर्न थालेका छन् भने कतिपय स्वरोजगार बन्न सफल भएका छन् ।

वनमा रहेका काठ, दाउरा, पात-पतिङ्गरको व्यवस्थापन तथा बिक्रीबाट लाखौं रुपैयाँ आम्दानी गर्दै आएको सामुदायिक वनहरूले त्यो आम्दानी समुदायको हितमा लगानी गरिरहेका छन् ।

शितगंगा नगरपालिका-११ स्थित भौवा सामुदायिक वन उपभोक्ता समूहले ७० प्रतिशत अनुदानमा १५ जनालाई हाते ट्याक्टर, ५ जनालाई पानी चलाउने मोटर र १ जनालाई चाप बटर वितरण गरेको छ । डिभिजन वन कार्यालय अर्घाखाँचीका प्रमुख मोहन प्रसाद श्रेष्ठका अनुसार, गरिबी निवारण कार्यक्रम अन्तर्गत गरिएको यो वितरणबाट स्थानीय निकै खुशी छन् । समूहका अध्यक्ष टिकाराम भट्टराईले समूह स्थापना यता समुदायको पूर्वाधार विकासदेखि आयआर्जन र आपतकालीन सहयोगमा समूहको साझेदारी रहँदै आएको बताए ।

उपाध्यक्ष पदम गुरुङका अनुसार, ग्रामीण सडक मर्मत, बिरामीको उपचारमा सहयोग तथा सापटी रकमको समेत व्यवस्था गर्दै आएको समूहले समुदायमा सामाजिक उत्तरदायित्व पनि वहन गरिरहेको छ ।

गर्भवती आमाहरूलाई शिशु स्याहार कार्यक्रमअन्तर्गत पोषिलो खानेकुरा, आवश्यक सामग्री र न्यानो कपडा वितरण गरिएको छ । धिरिखोला सामुदायिक वनका अध्यक्ष नारायण पौडेलका अनुसार, उपभोक्ताहरूलाई सानो व्यापार वा व्यवसाय गर्न चाहनेलाई दुई वर्षभित्र फिर्ता गर्ने सर्तमा ब्याजविहीन सापटी दिइएको छ । यसबाट धेरै उपभोक्ताहरूले पेसा सञ्चालन गरी जीवनयापन गरेका छन् भने केही स्वरोजगार बन्न सफल भएका छन् । सामुदायिक वनको आम्दानीबाट विद्यालय भवन निर्माण, शिक्षक व्यवस्थापन, खानेपानी, सडक, सिचाइ र कृषि कार्यहरूमा समेत लगानी भइरहेको छ ।

वन क्षेत्रमा झाडी सफाइ, काठ कटान, घाटगड्डी आदि कार्यमा स्थानीय उपभोक्ताले नै काम गर्दै ६०-७० हजार रुपैयाँसम्म आम्दानी गर्ने गरेका छन् । समूहले प्रत्येक वर्ष खाली जग्गामा बिरुवा रोप्ने तथा वनक्षेत्र र बस्ती क्षेत्रबीच तारबार लगाउने कार्य गर्दै आएको सितगंगा सबडिभिजन प्रमुख चन्द्र भाटले जानकारी दिए ।

फरेस्टर धर्मेन्द्र दिक्तका अनुसार, काठ, दाउरा, पात पतिङ्गरको बिक्रीबाट पनि समूहले राम्रो आम्दानी गर्दै आएको छ

भौवा सामुदायिक वनको आम्दानीबाट कृषि क्रान्तिका लागि हाते ट्याक्टर वितरण गरिएको र यसमार्फत स्थानीयलाई आधुनिक कृषि प्रणालीमा जोड्ने काम भइरहेको डिभिजन वन कार्यालयका प्रमुख मोहन प्रसाद श्रेष्ठले बताए ।

सारांशमा भन्नुपर्दा, अर्घाखाँचीका सामुदायिक वनहरू समुदायको समृद्धिको मेरुदण्ड बन्न सफल भएका छन् । वन संरक्षणसँगै समुचित उपयोग गरी सामाजिक, आर्थिक र पूर्वाधार विकासमा उल्लेखनीय भूमिका खेलिरहेका छन् ।

# छात्रालाई जिस्क्याएको आरोपमा शिक्षकमाथि कुटपिट

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २९ असार

रौतहटको गरुडा नगरपालिका-९ श्रीपुरस्थित श्री माध्यमिक विद्यालयमा शिक्षकले छात्रालाई जिस्क्याएको भन्दै विद्यार्थी र अभिभावकले आक्रमण गरेका छन् ।

आइतबार शिक्षक रविन्द्र प्रसाद साहले एक छात्रालाई 'मेरी जान' लेखेर जिस्क्याएको आरोप लगाउँदै अभिभावक र विद्यार्थीको समूहले उनलाई कुटपिट गरेको हो । घटनामा विद्यालयको मोटरसाइकलमा समेत क्षति पुगेको छ । विद्यालय व्यवस्थापन समितिका कार्यवाहक अध्यक्ष राजकुमार दास तत्माका अनुसार आक्रोशित समूहले विद्यालयको संरचना र सामग्रीमा समेत तोडफोड गरेका थिए ।



शिक्षक साहले छात्राको जन्मदिनको अवसरमा 'ह्याप्पी बर्थडे मेरी जान' लेखेर पठाएको विषय सार्वजनिक भएपछि आक्रोश चुलिएको हो । घटनाको जानकारी पाएपछि इलाका प्रहरी कार्यालय गरुडाबाट प्रहरी निरीक्षक ओमप्रकाश यादवको नेतृत्वमा टोली घटनास्थल पुगेको थियो ।

प्रहरीले भिडलाई तितर, बितर पार्न एक राउण्ड अश्रुग्याससमेत प्रहार गरेको इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी राजन कार्कीले जानकारी दिए । घटनापछि शिक्षक साहलाई प्रहरीले नियन्त्रणमा लिएको छ भने विद्यालयमा रहेका अन्य शिक्षक र विद्यार्थीलाई घर पठाइएको छ । अहिले अवस्था नियन्त्रणमा रहेको डिएसपी कार्कीले बताए ।

Government of Lumbini Province
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate
**Road Infrastructure Development Office**
Kapilvastu

*IFB No:* - 10/RIDOKAP/081-82 Date of publication: 14th July 2025 (2082-03-30)

1. Road Infrastructure Development Office, Kapilvastu invites **electronic bids only** from eligible bidders for following work. Eligible Bidders are advised to visit the PPMO's website www.bolpatra.gov.np/egp for further details or contact to **Road Infrastructure Development Office Kapilvastu**, E-mail: ridokapilvastu@gmail.com; Phone: 076-561142
2. Information to deposit the cost of bidding document in Bank:
   Name of Bank: Rastriya Banijya Bank Taulihawa Kapilvastu.
   Name of Office: Road Infrastructure Development Office, Kapilvastu
   Office Code No.: 3370149015
   Revenue Heading no.: 14229, Revenue Account Number: 1000100200010000
3. Bid Validity Period/Bid Security Validity Period (Days): 90/120
4. Last Date of Bid Submission: 14th Aug 2025

| SN | Works Description | Contract ID | Bid Fee (Nrs.) | Estimated Amount (excluding VAT & PS) | Bid Security Amount (Nrs.) | AACT (Nrs.) | Specific Experience |
|---|---|---|---|---|---|---|---|
| 1 | Construction of Bisawa khola Multicell Box Culvert along Devipur Dalpur road, Bijayanagar- 5 Kapilbastu | RIDOKAP/10134/ NCB/81-82/117 | 3000 | 14679886.26 | 3,70,000 | - | Atleast One Multicell box bridge or motorable bridge |
| 2 | Construction of Bhateni khola Multicell Box Culvert along Parsohiya Manpur Jagadishpur road, Bijayanagar- 3 and 7 Kapilbastu | RIDOKAP/10134/ NCB/81-82/118 | 3000 | 13259252.08 | 3,35,000 | - | Atleast One Multicell box bridge or motorable bridge |
| 3 | Construction Multicell Box Culvert along Hulaki road Bheg Bahadur Thapa ko ghar hudai Party Karyalaya jane sadak, Shivraj -09 Kapilbastu | RIDOKAP/10134/ NCB/81-82/119 | 3000 | 14506305.29 | 3,70,000 | - | Atleast One Multicell box bridge or motorable bridge |
| 4 | Construction of Sisai khola Multicell Box Culvert along Paschim Khairati Dumariya road, Mayadevi- 3 Kapilbastu | RIDOKAP/10134/ NCB/81-82/120 | 3000 | 11649241.42 | 2,95,000 | - | Atleast One Multicell box bridge or motorable bridge |
| 5 | Construction of Marthi khola (Hudarahawa) Multicell Box Culvert along Pachehara Bangai Sohasa road, Kapilbastu | RIDOKAP/10134/ NCB/81-82/121 | 5000 | - | 4,50,000 | 1,30,00,000 | Atleast One Multicell box bridge or motorable bridge with length 18m or more |
| 6 | Construction Multicell Box Culvert along Ratanpur Purnihawa Road, Yashodhara -06 Kapilbastu | RIDOKAP/10134/ NCB/81-82/122 | 5000 | - | 3,85,000 | 1,15,00,000 | Atleast One Multicell box bridge or motorable bridge with length 14m or more |

# प्रतिष्ठानको नाममा पार्टी कार्यालय निर्माण, रोकियो भुक्तानी

**नविन श्रेष्ठ/मध्यान्ह**
सिन्धुली, २९ असार

नेकपा एमालेको पार्टी कार्यालय सञ्चालन भइरहेको आजाद स्मृति प्रतिष्ठानको नाममा भवन निर्माण गरिएकोमा शहरी विकास तथा भवन कार्यालय सिन्धुलीले भुक्तानी रोक्दा विवाद चुलिएको छ । सिन्धुलीको कमलामाई नगरपालिका-६ मा रहेको उक्त पार्टी कार्यालयको भवन निर्माण कार्य सम्पन्न भइसके पनि कार्यालय प्रमुख दुर्गा घिमिरेले पूर्वाग्रही ढंगले भुक्तानी नदिएको भन्दै नेकपा एमाले सिन्धुलीले आपत्ति जनाएको छ ।



निर्माण उपभोक्ता समितिका अध्यक्ष एवं एमाले जिल्ला अध्यक्ष महेन्द्र देव श्रेष्ठले कार्यालय प्रमुख घिमिरेमाथि योजनामा २० प्रतिशत कमिसन माग्ने आरोपसमेत लगाउँदै नियमानुसार भुक्तानी नभए कानुनी बाटोमा जाने चेतावनी दिएका छन् । विवादित भवनको लागि आर्थिक वर्ष २०८१/८२ को बजेटअन्तर्गत वागमती प्रदेश सरकारबाट विनियोजित ३७ लाख ११ हजार ९ सय १४ रुपैयाँ ५० पैसाको लागतमा आजाद स्मृति प्रतिष्ठान र शहरी विकास तथा भवन कार्यालयबीच मिति २०८१/०९/२२ मा सम्झौता भएको थियो ।

निर्माण कार्य सम्पन्न भइसकेको र आवश्यक कागजात तथा निरीक्षण प्रतिवेदन बुझाइएको भए पनि शहरी विकास कार्यालयले भुक्तानी रोकिराखेकोमा अध्यक्ष श्रेष्ठले असन्तुष्टि जनाएका छन् ।

तर, शहरी विकास तथा भवन कार्यालयका प्रमुख घिमिरेले भने सो भवन आजाद स्मृति प्रतिष्ठानको नाममा नभइ नेकपा एमालेको नाममा रहेको जग्गामा निर्माण गरिएको भएकाले भुक्तानी दिन नसकिने स्पष्ट पारेका छन् ।

उनले भने, 'प्रतिष्ठानको नाममा बजेट आएको हो, तर जग्गा र भवन नेकपा एमालेको नाममा रहेको प्रमाण देखिएकाले प्रमाणसहितको कागजात नआएसम्म भुक्तानी दिन सकिन्न ।' उनले किर्ते कागज बनाइ दबाब दिइएको भन्दै आफ्नो चरित्र हत्या प्रयास भएको र अब कानुनी उपचारमा जाने चेतावनीसमेत दिएका छन् । यसैबीच, प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले गैरसरकारी संस्थाले राजनीतिक दलको सम्पत्तिमा संरचना निर्माण गर्ने प्रावधान नभएको स्पष्ट पारेका छन् ।

उनका अनुसार, गैरसरकारी संस्थाको विघटनपछि त्यसको सम्पत्ति राज्यको हुने भएकाले यस्तो प्रकारको सम्झौता र निर्माण कार्य गैरकानुनी हो । यता नेकपा एमालेका तत्कालीन जिल्ला सचिव सूर्य पाखिनले पनि पार्टीको कुनै बैठकबाट जग्गा प्रयोगका लागि निर्णय नभएको जिकिर गर्दै, सम्पूर्ण प्रक्रिया मनोमानी र एकलौटी भएको आरोप लगाएका छन् ।

उनका अनुसार, पार्टीको नियमित आम्दानी हुने गरी सटर र पार्किङसहितको पारदर्शी संरचना निर्माण हुनुपर्नेमा एकलौटी रूपमा उपभोक्ता समिति बनाइ अनियमित रूपमा निर्माण गरिएको हो ।

पूर्वअध्यक्ष कमलजंग राईले पनि राज्यको अनुदान प्रयोग नगरी कार्यकर्ताको सहयोगबाट मात्र भवन बनाउने धारणा राखेका थिए ।त्यसैगरी, आजाद स्मृति प्रतिष्ठानका अध्यक्ष रमेश कुमार देवकोटाले भवन निर्माणको लागि पार्टीको जग्गामा प्रतिष्ठानको नाममा कागज प्रयोग गरिएको स्वीकार गरेका छन् ।

उनका अनुसार, भुक्तानीको प्रक्रिया र आम्दानी-खर्च विवरणमा आफू संलग्न नरहेको र सबै कार्य उपभोक्ता समिति तथा पार्टीकै तर्फबाट भएको हो ।

**साउदीमा रोजगार**
कम्पनी: Gulf Reinforced Plastics Branch
पूर्व स्वीकृत मितिः २०८२/०३/२९ चलानी नं.: ६०२४०५२७
शहर: Saudi Arabia
L.T. No.: 327007

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Oil & Gas Wells Lining Worker | 40 | 0 | स. काममा दक्ष | 1000 | ३६,५३० | क.नि. अनुसार | ८ घण्टा १५ मिनेट | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन ५ गते (21 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १०९/०५४/०५५
Dynamic Sales & Services (P) Ltd.
Post Box No. 2012, Basundhara, Kathmandu, Nepal.Phone: 00977-1- 4354614,4356831, 4356625.
Fax: 00977-7- 4355570 E-mail: info@dssnepal.com, Website: www.dynamicmanpower.com

मध्यान्ह
www.madhyanhadaily.com
३० असार २०८२ सोमबार
14 July 2025, Monday

## सम्पादकीय

# नियत सुधार

सरकारले सार्वजनिक पद धारण गरेका व्यक्तिलाई सुशासन र पारदर्शिताप्रति थप जिम्मेवार बनाउनेगरी ऐन बनाउन लागेको छ । यस निम्ति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले स्वार्थको द्वन्द्व व्यवस्थापनसम्बन्धी विधेयकको मस्यौदा तयार पारेको छ । यो विधेयक ऐनमा रूपान्तरित भए राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, सबै तहका अदालतका न्यायाधीशहरू, सांसदहरू, मुख्यमन्त्री, मन्त्री, संवैधानिक निकायका पदाधिकारी, स्थानीय तहका पदाधिकारी र सरकारी कर्मचारीहरू सम्पत्ति विवरण सार्वजनिक गर्न बाध्य हुन्छन् ।

स्वार्थको द्वन्द्व हुने निर्णयमा संलग्न हुन नहुने, व्यक्तिगत रूपमा दान र उपहार लिन नपाउने, पदीय हैसियतमा उपहार लिए सम्बन्धित कार्यालयमा बुझाउनुपर्ने, विदेशी र सरकारी तथा गैरसरकारी संस्थाका व्यक्तिहरूसँग अनधिकृत भेटघाट गर्न नहुने प्रावधान प्रस्तावित विधेयकमा छ । यस्तो प्रकारको ऐन एकदमै सकारात्मक छ र सार्वजनिक पद धारण गरेका प्रत्येक व्यक्तिबाट खोजिने निष्पक्षताको प्रमाण पनि हो । तर, के यी नैतिकतासँग समेत जोडिएका विषय कानुन नभएकै कारणले लागू नभएका हुन् त ? पक्कै होइन । भ्रष्टाचार निवारण ऐन २०५९ अनुसार सार्वजनिक पद धारण गरेको व्यक्तिले नियुक्ति पाएको, निर्वाचित भएको वा मनोनयन भएको ६० दिनभित्र सम्पत्ति विवरण सम्बन्धित कार्यालयमा बुझाउनुपर्ने हुन्छ । यसअनुसार बुझाएको सम्पत्ति विवरण विगतमा प्रधानमन्त्री र मन्त्रीहरूले सार्वजनिक समेत गर्दथे । तर, वर्तमान सरकार गठन भएको एक वर्ष हुँदासमेत प्रधानमन्त्री र मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक भएको छैन । उल्टै प्रधानमन्त्री आफ्नै नेतृत्वमा सुशासन आयोग गठन गरेर अगाडि बढेका छन् । यो आफैंमा विरोधाभाषपूर्ण व्यवहार हो ।

अर्कोतर्फ निजी स्वार्थ बाझिने विषयमाथिको छलफल र निर्णय प्रक्रियामा सार्वजनिक पद धारण गरेका व्यक्ति रहन वा संलग्न हुन हुँदैन भन्ने विषय पनि प्रचलित ऐनमा छ । सांसदहरूका लागि प्रतिनिधि सभा नियमावली र राष्ट्रिय सभा नियमावली छ । प्रधानन्यायाधीश र न्यायाधीशका लागि न्यायपरिषद् ऐन छ । कर्मचारीका लागि निजामती ऐन छ । अन्य सार्वजनिक पद धारण गरेका व्यक्तिका लागि पनि सम्बन्धित क्षेत्रका ऐनले निजी स्वार्थ बाझिने विषयमाथिको छलफल र निर्णय प्रक्रियामा संलग्न नहुन भनेको छ । यसको कार्यान्वयन किन भइराखेको छैन ? सहज जवाफ मिल्छ– प्रचलित ऐनले बाध्यकारी बनाएको छैन । तर, प्रस्तावित विधेयकमार्फत बाध्यकारी बनाइँदैछ । सार्वजनिक पद धारण गरेका व्यक्ति, जो नेपाली समाजलाई कता लैजाने भनेर भविष्य कोर्ने जिम्मेवारीमा छन्, तिनलाई नैतिकताले बाँध्न सकिँदैन ?

बाध्यकारी ऐन बनाएपछि नैतिकताको डोरी बलियो हुन्छ भन्ने ग्यारेन्टी पनि कसरी हुन्छ ? प्रधानमन्त्रीले नै प्रस्तावित विधेयकका प्रावधान उल्लघंन गरे कसले गर्ने कारबाही ? यी प्रश्नको जवाफ नमिल्ने गरी ऐन बनाएर मात्रै समस्याको सही समाधान हुँदैन । यसकारण नियतमै सुधार आवश्यक छ । सरकारले आवश्यक ऐन समयानुकूल बनाओस् । साथै सार्वजनिक पद धारण गरेका व्यक्तिलाई नैतिकतामा कसरी बाँध्ने भन्नेबारे पनि सोचोस् । तबमात्रै विधिको शासन स्थापित हुन सक्दछ ।

# अनलाइनको बाढी र प्रिन्ट मिडिया

*यदि छापा माध्यमले नयाँ परिवर्तनको अपेक्षालाई पूरा गर्छ र परम्परागत पत्रकारिताको स्थापित मूल्यहरूसँगै नयाँ मिडिया प्रविधिहरूको माग पनि समेटिन्छ भने त्यस अवस्थामा छापा माध्यम समस्यामा पर्दैनन्...*

अग्रलेख



● शंकर मान सिंह

समाचार पत्रहरू कागज जस्तै हराउँदै छन्, तैपनि सञ्चार माध्यम जीवित छ र बढ्दै छ । पत्रकारिता छ, तर रूपहरू फेरिँदै छ । ३० अप्रिल २०२४ छापा माध्यमका पाठकहरूका लागि दुःखद दिन थियो । त्यो एक युगको अन्त्य थियो, अप्रिल ३०, २०२४ सम्म, रिडर्स डाइजेस्ट युकेले ८६ वर्षपछि आफ्नो छापा संस्करण प्रकाशन बन्द गर्ने निर्णय गरेको थियो । पत्रिकाकी प्रमुख सम्पादक इभा म्याकेभिकले लिंक्डइनमा घोषणा गरेकी थिइन्, कम्पनी पत्रिका प्रकाशन आर्थिक दबाब सहन असमर्थ छ । मे २०२४ को अंक प्रकाशित हुने अन्तिम महिना थियो ।

नेपालमा वि.सं. १९५८ वैशाख २४ देखि साप्ताहिक संस्करण हुँदै सुरु भएको गोरखापत्र २०१७ फागुन ७ देखि दैनिक संस्करणमा प्रकाशित हुन थालेको थियो । जुन संस्थानको अधिकृत पुँजी पनि करिब रुपैयाँ ३ करोड, जारी पुजी २.५ करोड र चुक्ता पुँजी १.१५ करोड रहेको देखिन्छ । गत आवमा मात्रै गोरखापत्रले करिब १९ करोडको नाफा आर्जन गरेछ । गोरखापत्रको हकमा खास समस्या नभए पनि राजस्व भने क्रमशः घट्दो क्रममा भएकोमा कुनै शंका छैन ।

गोरखापत्र अब्बल स्वरूपमै भइरहँदा धेरै जस्तो साप्ताहिक पत्रिकाहरू बन्द भइसकेका छन् भने दैनिक पनि जेनतेन चलाई रहेको अनुभूति हुन्छ । वास्तविकता के हो भन्ने कुरा यो खोजको विषय हुन सक्छ । विशेषगरी डिजिटल प्रविधि र इन्टरनेटले सञ्चारको क्षेत्रमा आमूल परिवर्तन ल्याएको छ र जसको प्रभाव सबैभन्दा बढी छापा माध्यममा परेको छ ।

यसले छापा माध्यमको व्यावसायिकतामा ठूलो समस्या ल्याएको छ, जसको बाध्यताका बिच यी प्रकाशनहरू अनलाइन संस्करणमा फेरिँदै छन् । यसको अर्थ प्रकाशकहरूको लागि लागतमा कम र पाठकहरूको व्यापकता हो । भनिन्छ छ कि मानिसहरूले अनलाइन र सामाजिक सञ्जालमार्फत राम्रो र मुख्यतयाः नराम्रो दुवै रूपमा निःशुल्क जानकारी प्राप्त गरिरहेका छन् र यसलाई निःशुल्क प्राप्त गर्न सकिने अवस्था पनि छ । यसले पत्रकार र सञ्चार क्षेत्रलाई ढिलो चाँडो विकल्पतर्फ प्रेरित गरिरहेको छ । यो पनि सत्य हो कि लगभग हरेक अखबारले स्रोतको लागि प्रतिस्पर्धाको निकै सामना गर्नुपर्छ । केवल अन्य अखबारहरूबाट मात्र होइन, विभिन्न प्रकारका अनलाइन मिडियाहरूबाट पनि ।

यद्यपि, अखबारले जति राम्रो गर्छ, यसको पाठक संख्या पनि त्यति नै बढी हुन्छ । अखबारमा प्रशिक्षित रिपोर्टरहरू छन् । जहाँ तथ्यको खोजी बढी हुन्छ । जसका समाचारहरू सतही हुँदैनन् । जसलाई सबैले विश्वसनीय रूपमा हेर्छन् । विश्वको पहिलो पत्रिका सन् १६०९ मा फ्रान्सबाट जर्मन भाषामा प्रकाशन भएको थियो । त्यसपछि जर्मन, अमेरिका, बेलायत लगायतका देशमा पत्रिका प्रकाशन भएका हुन् । अठारौं शताब्दीसम्म आइपुग्दा युरोप र अमेरिकामा धेरै पत्रपत्रिका प्रकाशन भए । उन्नाइसौं र बिसौं शताब्दीमा पत्रपत्रिका सूचना, शिक्षा र चेतनाको प्रमुख माध्यम मात्र बनेन, पत्रपत्रिकाको ४ सय वर्षको इतिहासमा २ सय वर्ष निर्विकल्प बन्यो । रेडियोको आविष्कार नहुन्जेलसम्म पत्रपत्रिका प्रतिस्पर्धी विहीन थिए ।




### पत्रपत्रिकाको भविष्य

सूचना र मनोरञ्जन उद्योगमा सामाजिक सञ्जालको प्रभाव निकै ठूलो छ । उद्योगभित्र र बाहिरका केही मानिसहरूलाई डर छ कि नयाँ मिडिया र अनलाइन पत्रकारिताको आगमनसँगै पत्रपत्रिकाहरू मर्नेछन् । हुन पनि केही पत्रपत्रिकाहरू बन्द भएका छन् र पत्रकार तथा अन्य कर्मचारीहरूलाई कामबाट निकालिएको छ । पत्रपत्रिकाहरू बन्द हुने डरको बिचमा केही पत्रपत्रिकाहरूले पाठकहरू र विज्ञापनदाताहरूलाई चासो राख्ने नयाँ सम्पादकीय विधिहरू प्रयोग गरेर उद्योगमा भएका परिवर्तनहरूलाई द्रुतरूपमा अनुकूलन गरिरहेका छन् ।

यदि छापा माध्यमले नयाँ परिवर्तनको अपेक्षालाई पूरा गर्छ र परम्परागत पत्रकारिताको स्थापित मूल्यहरूसँगै नयाँ मिडिया प्रविधिहरूको माग पनि समेटिन्छ भने त्यस अवस्थामा छापा माध्यम समस्यामा पर्दैनन् ।

ठूलो संख्यामा मानिसहरू उठ्दा आफ्नो मोबाइल फोन जाँच गर्छन् । मोबाइल फोनमा निर्भरता यति हदसम्म छ कि इन्टरनेट चलाउन नपाउँदा धेरै व्यक्तिमा हैरानी महसुस हुन्छ । केही मानिसहरूको लागि बिहान अखबार नहेरी नहुने हुन्छ । तर, अनलाइन अखबार सदस्यताले अखबार पढ्नुको साथै, अखबार पढ्ने उनीहरूको चाहना पूरा गर्दछ । जसलाई समेट्नु छापा माध्यमको लागि अहिलेको सबैभन्दा ठूलो चुनौती हो ।

### नीति चाहिन्छ

नेपाल जस्तो मुलुकमा आमसञ्चारका माध्यम सञ्चालन हुने मुख्य स्रोत विज्ञापन हो । पत्रिका बिक्रीभन्दा विज्ञापनबाट चल्छ, तर विज्ञापनको ठूलो हिस्सा सोझै सामाजिक सञ्जालमा जान थाल्नु खतराको घण्टी हो । उच्च पदमा बसेका नेता, कर्मचारीदेखि सर्वसाधारणले फेसबुकमा पाँच हजारलाई सोझै मित्र बनाउन सक्छन् । ट्विटरमा लाखौं फलोअर हुन सक्छन् । उच्च तहमा बसेका व्यक्तिले प्रवाह गर्ने सामग्री समाचारका स्रोत भएका छन् । यसले के देखाउँछ भने एउटा शक्तिशाली अखबारभन्दा धेरै फलोअर भएका व्यक्तिको ट्विट शक्तिशाली हुन सक्छ ।

नेपाली सञ्चार माध्यमको मुख्य स्रोतका रूपमा उत्पादनमूलक उद्योग तथा सेवामूलक उद्योग रहेका छन् । तर, राज्यका नीतिले कतिपय उद्योगलाई विज्ञापनमै प्रतिबन्ध लगाएको छ । सबैभन्दा नाफाका उद्योगका रूपमा परिचित रक्सी, चुरोट उद्योगले विज्ञापन प्रकाशन गर्न पाउँदैनन् । २०७९ फागुन ११ गते न्यायाधीश नहकुल सुवेदीको एकल इजलासले मादक पदार्थको विज्ञापन सञ्चारमाध्यममा प्रकाशन तथा प्रसारण गर्न नदिने आदेश गरेको थियो ।

सार्वजनिक खरिद ऐन–२०६३ र सार्वजनिक खरिद नियमावली (नवौं संशोधन) २०७९ ले दिएको अधिकार प्रयोग गर्दै सरकारी कार्यालयले सार्वजनिक खरिदको काम गर्दै आएका छन् । सार्वजनिक सेवा, खरिद तथा निर्माणका लागि बोलपत्र, दरभाउ पत्र, सिलबन्दी आह्वान, प्रस्तावना, आसय पत्रका सूचना प्रकाशन हुँदै आएका छन् । यो ऐनमै भएको व्यवस्था भएकाले ३५ दिने, २१ दिने, १५ दिने र ७ दिने सार्वजनिक सूचना अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय पत्रपत्रिकामा सूचना प्रकाशन हुँदै आएका छन् । यसले केही हदसम्म नेपाली छापा माध्यमको मिडिया उद्योगलाई केही सहयोग पुऱ्याएको होला भन्न सकिन्छ ।

> *छापाको विज्ञापन र बिक्री घटेपछि पत्रकारिता डिजिटल मिडियातर्फ उन्मुख भयो । तर, डिजिटल मिडियाले पनि समयअनुसारको परिवर्तनलाई सम्बोधन नगरेमा, आफूलाई सफल व्यावसायिक मोडलमा लैजान नखोजे अर्को समस्यामा पर्नेमा दुबिधा छैन । समग्र मिडिया क्षेत्रले हेर्नुपर्ने मुख्य कुरा, व्यावसायिकता र विश्वसनीयता हो...*

छापाको विज्ञापन र बिक्री घटेपछि पत्रकारिता डिजिटल मिडियातर्फ उन्मुख भयो । फलतः डिजिटल न्युज पोर्टलको संख्या उकालो लाग्यो । पछिल्लो दशकमा डिजिटल मिडियाको संख्या निकै बढ्यो । डिजिटल मिडिया पनि विज्ञापनकै भरमा चलिरहेको छ । सब्सक्रिप्सन मोडल नेपालमा खास प्रयोगमा आएका छैनन् । जसले 'पे वाल'को प्रयास गरे, त्यो पनि सफल भएको देखिन्न । जबसम्म न्युयोर्क टाइम्सको जस्तो पाठकबाट आम्दानी आउँदैन अर्थात् रिडरबेस रेभिन्युबाट न्युज पोर्टल चल्दैनन्, त्यो बेलासम्म मिडिया चलाउन कठिन हुने यथार्थ छ । यो छापामात्रै होइन अनलाइनको सन्दर्भमा पनि लागु हुन्छ ।

## इतिहासमा आज


१४ जुलाई १९६० मा नर्थवेस्ट ओरिएन्ट एयरलाइन्सको उडान १-११ फिलिपिन्सको पोलिलो टापुमा खस्यो । जुन दुर्घटनामा एक जनाको मृत्यु भयो भने ४४ जना घाइते भए ।



१४ जुलाई १९६५ मा मंगल ग्रहको मरिनर ४ फ्लाईबाईले अर्को ग्रहको पहिलो नजिकको तस्बिर लियो । जुन तस्बिरहरू पृथ्वीमा पठाउन लगभग ६ घण्टा लागेको थियो ।



१४ जुलाई २०१५ मा नासाको न्यू होराइजन्स प्रोबले प्लुटोको अध्ययन गर्न पहिलो उडान गरेको थियो । जसले सौर्यमण्डलको प्रारम्भिक सर्वेक्षण पूरा गरेको थियो ।



१४ जुलाई २०१६ मा फ्रान्सको नाइसमा एक उत्सवमा कार्यक्रम स्थलमा एक व्यक्तिले ट्रक चलाउँदा ८६ जनाको मृत्यु भएको थियो । जसमा ४३४ जना घाइते भएका थिए । चालकलाई पछि प्रहरीले गोली हानेर मारेको थियो ।



# युवा स्वरोजगारको नीतिमा गर्नुपर्ने काम

विचार



● खगेन्द्र पौडेल

> *हाल 'प्रधानमन्त्री रोजगार कार्यक्रम' जस्ता योजना छन्, तर ती प्रतिफलमूलक छैनन् । जसले लक्षित युवाहरूलाई समेट्न सकेको छैन । अहिलेको आवश्यकता एकातिर युवाहरूलाई स्वरोजगार हुन नीतिगतरूपमा प्रोत्साहित गर्ने हो भने अर्कोतिर काम गरेका युवालाई सहज ऋण, कर छुट जस्ता नीतिमार्फत सहयोग गर्नु हो...*

नेपालमा बेरोजगारीको समस्याले जरो गाडेकै अवस्था छ र यसको प्रत्यक्ष असर युवा पुस्तामा देखिन्छ । शिक्षित, सीपयुक्त र ऊर्जाशील जनशक्तिको ठूलो हिस्सा वैदेशिक रोजगारमा पलायन हुनु, स्वरोजगारप्रति ध्यान नजानु अहिलेको समस्या हो । नेपालमा स्वरोजगारका नीतिहरू त छन्, तर ती व्यवहारमै लागू छैनन् । संस्थागत कमजोरी र बजेट सीमितताको कारणले अपेक्षित परिणाम दिन सकेका छैनन् । त्यसैले अबका दिनमा स्वरोजगारको नीति सुधार, पुनरावलोकन र कार्यान्वयनलाई केन्द्रमा राख्दै विशेष पहल गर्न आवश्यक छ ।

युवालाई स्वरोजगारमा प्रेरित गर्न सबैभन्दा पहिला चाहिने कुरा हो– उनीहरूलाई अनुकूल वातावरण सिर्जना गर्नु । सरकारको प्रमुख जिम्मेवारी भनेको नीति निर्माण मात्र होइन, ती नीतिलाई प्रभावकारीरूपमा व्यवहारमा उतार्ने हो । स्वरोजगारको सन्दर्भमा नीतिगत स्पष्टता, सहज पहुँच, वित्तीय सहायता, सीप अभिवृद्धि तथा बजार पहुँचलाई जोड दिन जरुरी छ । हालका स्वरोजगार कार्यक्रमहरू खासै प्रभावकारी बन्न नसक्नुको कारण योजनामा समावेश युवाहरूको आवश्यकतालाई बुझ्न नसक्नु पनि हो । त्यसैले नीति निर्माणभन्दा पहिले युवाको वास्तविक परिस्थिति, क्षमताको मूल्यांकन र चाहनाको अध्ययन अपरिहार्य छ ।

नेपालका अधिकांश युवा ग्रामीण पृष्ठभूमिबाट आएका हुन्छन्, जहाँ कृषि, पशुपालन, साना घरेलु उद्योगहरू स्वरोजगारका सम्भावित क्षेत्र हुन् । तर, त्यस्ता क्षेत्रमा लगानी गर्ने वातावरण छैन, सीप छैन र बजारको जानकारी झनै कम । त्यसैले नीति यस्तो हुनुपर्छ जसले गाउँमै बसेर काम गर्न चाहने युवालाई प्रोत्साहन दिन सकोस् । त्यसभित्र कृषि व्यवसाय, डेरी फार्मिङ, पोल्ट्री, माछा पालन, जडीबुटी खेती, फर्निचर, सिलाइ कटाइ, हाते उद्योग आदिका लागि अनुदान, सीप तालिम र प्राविधिक सहायता उपलब्ध गराउनुपर्छ ।

युवाले स्वरोजगार थाल्न चाहेर पनि ऋण पाउन गाह्रो छ, बैंकको नीति अपारदर्शी छ । स्वरोजगारमा जान चाहने युवालाई सस्तो ब्याजमा सहज ऋणको व्यवस्था हुनुपर्छ । हाल 'प्रधानमन्त्री रोजगार कार्यक्रम' जस्ता योजना छन्, तर ती प्रतिफलमूलक छैनन् । जसले लक्षित युवाहरूलाई समेट्न सकेको छैन । अहिलेको आवश्यकता एकातिर युवाहरुलाई स्वरोजगार हुन नीतिगतरूपमा प्रोत्साहित गर्ने हो भने अर्कोतिर काम गरेका युवालाई सहज ऋण, कर छुट जस्ता नीतिमार्फत सहयोग गर्नु हो । त्यस्तै, व्यावसायिक बीमा प्रणाली पनि समावेश हुनुपर्छ, जसले व्यवसायमा हानि भएमा जोखिम न्यूनीकरण गर्छ ।

युवा स्वरोजगारको अर्को मुख्य खम्बा हो– सीपमूलक तालिम । अहिले नेपालमा दिइने सीप तालिम प्रायः परम्परागत र अनुप्रासंगिक छन्, जसले बजारको आवश्यकता पूरा गर्न सक्दैन । त्यसैले नीति यस्तो हुनुपर्छ, जसले स्थानीय स्तरमा रोजगारीको सम्भावना, बजारको माग र नवप्रवर्तनशील सोचलाई सम्बोधन गर्ने किसिमको तालिम दिन सकोस् । सीप तालिमसँगै साना उद्यम विकास तालिम, वित्त व्यवस्थापन, उद्यम सञ्चालन जस्ता विषयहरूलाई पनि जोड्न सक्नुपर्छ । तालिमपश्चात् कार्यपुस्तिका मात्र हैन, वास्तविक परामर्श सेवा उपलब्ध गराउने संरचना हुनुपर्छ ।

स्वरोजगार नीति युवा अनुकूल बनाउने अर्को कुरा हो– सहयोगी संरचना र प्रोत्साहनको निर्माण । उदाहरणका लागि, गाउँस्तरमा 'युवा उद्यम केन्द्र' स्थापना गर्न सकिन्छ, जसले आवश्यक जानकारी, परामर्श, ऋण सहायता, बजार सञ्जाल जस्ता सेवा एकै ठाउँबाट दिन सकोस् । यस्ता केन्द्रहरूले तालिम सकेका युवाहरूलाई सँगै जोडेर सहकारी वा सामूहिक उद्यमका लागि प्रेरित गर्न सक्नेछ । एउटै गाउँका पाँच जना युवा मिलेर कुखुरापालन वा मशरुम खेती गरे भने त्यसको प्रभाव दिगो र आम्दानीसमेत भरपर्दो हुन्छ ।

प्राविधिक प्रविधिको प्रयोगले स्वरोजगारको पहुँच बढाउन सकिन्छ । डिजिटल प्लेटफर्ममार्फत आफ्ना उत्पादन बेच्ने, अनलाइन तालिम लिने, तथा अनलाइन बैंकिङ सुविधा लिने अवसरहरू पनि आजका युवाले खोजिरहेका छन् । स्वरोजगार नीति डिजिटल युगअनुसार अद्यावधिक गर्न आवश्यक छ । ई-कमर्श, मोबाइल बैंकिङ, डिजिटल मार्केटिङ, र सामाजिक सञ्जालको उपयोग गरेर कसरी आफ्ना उत्पादन बजारसम्म पुऱ्याउने भन्ने कुरा सिकाउने प्रणाली स्थापित हुनुपर्छ ।

त्यस्तै, युवाको स्वरोजगारमा उन्मुखता बढाउनका लागि मनोवैज्ञानिक प्रेरणा पनि उत्तिकै जरुरी हुन्छ । हाम्रा समाजमा अझै स्वरोजगारभन्दा जागिरलाई महत्व दिने मानसिकता छ । स्वरोजगारलाई 'अन्तिम विकल्प' जस्तो हेर्ने दृष्टिकोण परिवर्तन गर्न नीति स्तरमै हस्तक्षेप गर्नुपर्छ । विद्यालयदेखि नै उद्यमशीलता सिकाउने, उद्यमी युवालाई राष्ट्रिय स्तरमा सम्मान तथा पुरस्कार दिने, सफल स्वरोजगार उदाहरणहरूको प्रचार गर्ने कार्यहरू हुनुपर्छ । सफल उद्यमी युवालाई सरकारका कार्यक्रमहरूमा 'ब्रान्ड एम्बेसडर' बनाउने हो भने त्यसले अरूलाई पनि प्रेरणा दिन्छ ।

युवाको स्वरोजगार वृद्धि विकासको मेरुदण्ड बन्न सक्छ, यदि त्यसमा स्पष्ट, समयअनुकूल र व्यवहारिक नीति लागु गरियो भने । नेपाल जस्तो मुलुकमा जहाँ शिक्षित जनशक्ति विदेश पलायन भइरहेको छ, स्वरोजगार मूलक नीति मात्र हो, जुनले तिनलाई देशमै रोजगारीको सम्भावना देखाउन सक्छ । तर, नीतिमा हेराइ मात्र होइन, कार्यान्वयनको इमानदारी आवश्यक छ । राज्यको लगानीको प्राथमिकता, सीप, पुँजी, पुनःप्रेरणा तीनै पक्ष समेटिने हो भने स्वरोजगार युवाको सपना मात्र होइन, राष्ट्रको समृद्धिको मार्ग बन्न सक्छ ।

## सामाजिक सञ्जाल



भीम रावल

गत वर्ष एक लाख युवा विदेश पढ्न गएर अर्बौं रुपैयाँ बाहिरिएको, झन्डै एक करोड नेपाली विदेशमा रहेको, कैयन भाडाका सिपाही र निम्न स्तरको काम गर्न बाध्य । युवा पलायन रोक्न कुनै काम र रोजगारी सिर्जना नगर्ने, तर २० देखि ३० वर्ष उमेरमा तीन सन्तान जन्माउन प्र.म. ओलीको उपदेशको कुनै औचित्य छ र ?



रामेश कुमार

हुँदा हुँदा मौद्रिक नीति पनि टेलिभिजनबाट बजेट जसरी प्रत्यक्ष भाषण प्रसारण गर्ने चलन बस्यो । बजेटभन्दा मौद्रिक नीतिको महत्व ठूलो भयो । यस्तो अन्यत्र पनि होला कि विशुद्ध 'गोर्खे मौलिक शैली' होला ?



प्रमोद कौडिन्य

'भ्रष्टाचारीको मुखै हेर्दिन' भन्ने प्रधानमन्त्री, घुस 'डिल' गर्ने मन्त्री ! अडियो सार्वजनिक भएको यतिका दिन भइसक्यो । राजीनामा बुझाउन आउँदा मुख हेर्नुपर्छ भनेर नै त होला प्रधानमन्त्रीले ती मन्त्रीको राजीनामा नमागेका ! कि मुख नहेर्ने अडान पूरा गर्न बर्खास्तकै आँट गर्लान् ?



निर्मल प्रसाईं

हे भगवान्, एउटा मन्त्रीले बिचौलियामार्फत ५३ लाख रुपैयाँ घुस लिएको तस्बिर सार्वजनिक भएको छ, तर पनि न बर्खास्त गरिन्छ, न पक्राउ । यो अनिष्टको संकेत हो, यो कानुन मरेको अनिष्ट हो । दण्डहीनता र कुशासन बोकेर देश बन्दैन, बन्दै बन्दैन ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# संघीय खानेपानी कार्यालय खारेजीविरुद्ध जुम्लामा दलहरू एकजुट

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २९ असार




संघीय खानेपानी तथा ढल निकास कार्यालय जुम्लाबाट हटाउने सरकारको निर्णयविरुद्ध जुम्लामा राजनीतिक दलहरू एकजुट भएका छन्। मन्त्रीस्तरीय निर्णयमार्फत कार्यालय सुर्खेतमा गाभ्ने तयारीसँगै जिल्लामा चर्को असन्तुष्टि चुलिएको छ।

जिल्ला समन्वय समितिको आयोजनामा चन्दननाथ नगरपालिकामा सर्वदलीय बैठक बसेको छ, जसमा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय प्रजातन्त्र पार्टी, पत्रकार तथा विभिन्न सरोकारवालाहरूको उपस्थिति थियो। बैठकमा सहभागी सबै दलले संघीयता र संविधानको मर्मविपरीत जुम्लाजस्तो विकट जिल्लाबाट संघीय कार्यालय हटाउने निर्णय गरिएको भन्दै आपत्ति जनाएका छन्। उनीहरूले स्थानीय जनताको पहुँचमा सेवा दिनुपर्नेमा, केन्द्रीयकरणतर्फ लम्किएको निर्णयले संघीयताको अपमान भएको टिप्पणी गरेका छन्।

जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्यले संघीय खानेपानी कार्यालयको भवन निर्माण भइसकेको अवस्थामा पनि खारेजी निर्णय हुनु जुम्लाबासीका लागि अन्याय भएको बताए। 'यो कार्यालयमार्फत सञ्चालित धौलिगाड बृहत् खानेपानी आयोजनासहित झन्डै २० वटा आयोजना अलपत्र पर्ने छन्,' उनले चिन्ता व्यक्त गरे।

सामाजिक सञ्जालमा पनि यो निर्णयको तीव्र विरोध भइरहेको छ। स्थानीय बासिन्दा नन्द तिरुवाले यो कदम संविधानको मर्ममाथिको प्रहार भएको बताए। 'मन्त्रीस्तरीय निर्णयले जुम्लावासीको अधिकार खोसिएको छ,' उनले भने।

यता, संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालयका प्रमुख ज्योतिष कुमार मिश्रले भने निर्णय सरकारको भएको र कर्मचारीहरू कार्यान्वयनकर्तामात्र भएको स्पष्ट पारे।

बैठकले संघीय कार्यालय र मूल गेटमा तालाबन्दी गर्दै विरोधको सुरुवात गरिसकेको छ। साथै, ज्ञापनपत्र जिल्ला प्रशासन कार्यालयमार्फत नेपाल सरकारलाई बुझाइएको छ। आन्दोलनलाई थप सशक्त बनाउन चरणबद्ध कार्यक्रम घोषणा गरिएको छ।

# श्रीमतीको हत्या गरी आत्महत्या



**सुनसरी/मस-** इनरुवा नगरपालिका-९ बबिया शिवमन्दिर टोलमा श्रीमतीको हत्या गरी सुदीप शर्मा खत्वेले आफू पनि आत्महत्या गरेका छन्।

एकतले कच्चि घरमा सुदीपले आइतबार ३२ वर्षीया श्रीमती नविता खातुनको हत्या गरी आफूले पनि आत्महत्या गरेका हुन्।

उनीहरूबीच ६ महिनादेखि पारिवारिक झगडा भइरहेको थियो। आइतबार बिहान उजले श्रीमती खातुनको घाँटी थिचेर हत्या गरी श्रीमतीको साडीको पासो लगाई आत्महत्या गरेको स्थानीयले बताएका छन्। १० वर्षदेखि प्रेम विवाह गरेका उनीहरू वर्ष दिनदेखि बबियामा बस्दै आएका थिए।

स्थानीयवासीले दुवैजनालाई मृत अवस्थामा देखेपछि प्रहरीलाई खबर गरेका थिए। जिल्ला प्रहरी कार्यालय सुनसरीबाट प्रहरी टोली परिचालन गरी घटनास्थलको मुचुल्का तयार गरी दुवैको शव पोस्टमार्टमका लागि बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाइएको डीएसपी योगराज खतिवडाले बताए।

# डिलासैनी गाउँपालिकामा शोक बिदा



**दार्चुला/मस-** जिप दुर्घटनामा बैतडीको डिलासैनी गाउँपालिका-१ घर भएका दुई जनाको मृत्यु भएपछि गाउँपालिकामा आइतबार शोक बिदा दिइएको छ।

एकै गाउँका दुई युवाको अकालमै ज्यान गएपछि गाउँपालिका शोकमा डुबेको गाउँपालिका अध्यक्ष सन्तोषप्रकाश जोशीले बताए।

शनिबार भएको दुर्घटनामा डिलासैनी-१ का बरम आधारभूत स्वास्थ्य केन्द्रमा कार्यरत ३२ वर्षीय किरनबहादुर बोहरा र सोही ठाउँका जिप चालक २४ वर्षीय सन्तोषबहादुर रानाको मृत्यु भएको थियो। दुर्घटनामा ६ जना घाइते भएका छन्।

गाउँपालिकाले शोक वक्तव्य जारी गर्दै आइतबार गाउपालिका मातहतका सबै सरकारी कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था, शिक्षण संस्था लगायतमा शोक बिदा रहेको जनाएको छ।

**A. B. Star Pvt. Ltd.**
Swoyambhu, 15, Kathmandu

| Specification | Details | MRP |
|---|---|---|
| Manufacture | TCL Home Appliarices | |
| Type of Product | Miraz Brand Fully Automatic Washing Machine | 41,000 |
| Model No. | AB-808-25 8 Kg | |

**राहदानी हराएको सूचना**

मिति २०८१।०४।२५ गते काठमाडौंको बसुन्धरा क्षेत्रमा मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु।

नाम: Prakash Faal
पूरानो राहदानी नं.:- 07775345
ठेगाना:-Jugepani, Hupsekot-1, Nawalparasi (East)
सम्पर्क:- 9819488609, 9819465551

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति: २०८२/०३/३०**

मिति २०७३/०७/१५ गते सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **जि. एन. सप्लायर्स प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **जि. एन. कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. (प्रा. लि. नं.: १५७१३३)** कायम गर्ने गरी मिति २०७३/०७/२० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**भूल सुधार**

मिति २०८२/०३/२८ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित यूएईमा रोजगार शिर्षक कम्पनीको नाम: **CLEANCO CLEANING SERVICES CO, L.T. No.: 306681, चलानी नं.: ६०२२१३७५, पूर्व स्वीकृत मिति: २०८१/०३/०२** को पून विज्ञापनमा कामदारको पदमा **cleaner** पुरुष माग संख्या २४८, महिला माग संख्या ८८ र अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ साउन ३ गते (19 July 2025) हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

PP Recruitment Partners Pvt. Ltd.
साविकको नाम: Qatar International Manpower Pvt.ltd.
P.O. Box 7311
Tokha-05, Basundhara, Kathmandu
Ph. No.: 01-5914971
E-mail: info@rpnepal.com

**कुमारी बैंक लिमिटेड शाखा कार्यालय लोकन्थली, भक्तपुरको धितोमा रहेको सम्पत्ति पुन: लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना**

(प्रकाशित मिति २०८२/०३/३० गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय लोकन्थली, भक्तपुरबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८२ साउन ०५ गते सोमबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय लोकन्थली, भक्तपुरमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

**तपसिल**

| १. ऋणीको विवरण | लिलाम हुने सम्पत्तिका विवरण |
|---|---|
| **भिम बहादुर लिम्बु**<br>ना.प्र.नं.- १५६६५/१४१/२१५<br>जारी मिति - २०४५/०६/११, जि.प्र.का. तेह्रथुम<br>बाबु - शेर बहादुर लिम्बु<br>बाजे- धन बहादुर लिम्बु<br>स्थायी ठेगाना- तेह्रथुम जिल्ला सोब्ला गा.वि.स/न.पा वडा नं ०९<br>हालको ठेगाना- सुनसरी जिल्ला घरान गा.वि.स/न.पा वडा नं १५ | १. **भिम बहादुर लिम्बु**को नाममा मालपोत कार्यालय, झापामा दर्ता कायम रहेको झापा जिल्ला चारपाने गा.वि.स/न.पा वडा नं. ०६ स्थित कि.नं. २१३६ को क्षेत्रफल ०-१-०-० (बि.क.धु.क) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत। |

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात २०८२ साउन ०४ गते** भित्र बैंकको शाखा कार्यालय लोकन्थली, भक्तपुरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय लोकन्थली, भक्तपुरबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात २०८२ साउन ०५ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय लोकन्थली, भक्तपुरमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय लोकन्थली, भक्तपुरमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्र्तगत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

**बोलपत्र खोलिने मिति २०८२ साउन ०५ गते सोमबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय लोकन्थली, भक्तपुर फोन नं. ०१-६६३६५२७**

**UAE मा वैदेशिक रोजगारको अवसर**

FREE VISA, FREE TICKET, FREE RECRUITMENT

कम्पनी : **ENOVA FACILITIES MANAGEMENT SERVICES LLC** — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/११/०९ — चलानी नं.: ६०२३३४४० — LT. No.:319176 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Air Conditioning Mechanic | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1600 | ५९,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician | 22 | 0 | | 1600 | ५९,६८० | | | | | | | |
| 3. | Painter Assistant | 9 | 0 | | 1400 | ५२,२२० | | | | | | | |
| 4. | Concrete Mason | 3 | 0 | | 1400 | ५२,२२० | | | | | | | |
| 5. | Construction Carpenter | 8 | 0 | | 1400 | ५२,२२० | | | | | | | |
| 6. | Plumber | 25 | 0 | | 1400 | ५२,२२० | | | | | | | |
| 7. | Electrician | 0 | 7 | | 1600 | ५९,६८० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०८२ साउन ४ र ५ गते (20 & 21 July 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरू साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

VMS — श्रम इजाजत नं. ९२६/०६७/०६८
**VASTU MANAGEMENT SERVICE PVT.LTD.**
Balkumari-09, Lalitpur, Nepal, Tel. : 01- 5200902/306/213, Mob.:9808772723/9815589009
E-mail : info@vmsnepal.com, vmsnepal@gmail.com

**एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना**

**(प्रकाशित मिति: २०८२।०३।३० गतेको मध्यान्ह राष्ट्रिय दैनिक)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरुलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्रीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरु लिलाम बिक्री हुन नसकेकोले पून: धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनका दिन अर्थात मिति २०८२।०४।०५ मा (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारीक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। साथै धितो लेखिदिनु हुने तथा व्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ। तपसिलमा उल्लेखित धितोको लागि बोलपत्र पेश गर्न चाहने बोलपत्रकर्ताले ऋणी बमोजिम छुट्टा-छुट्टै कित्ताको लागि छुट्टा-छुट्टै रकम कबोल गरी बोलपत्र पेश गर्नु हुन अनुरोध गर्दछौं। प्रचलित कानूनको अधिनमा रही बैंकले तोकेको शर्त लागु हुने गरी बोलपत्र मार्फत खरिद गर्ने सम्पत्तिमा बैंकले कर्जा सुविधा उपलब्ध गराउन सक्नेछ। गोप्य शिलवन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ। बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा रु. १००।- तिरी खरिद गर्न सकिनेछ।

**तपसिल**

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र लिलाम हुने धितोको विवरण:**

**१. ऋणीको नाम: होटल ग्रिन ल्याण्ड सफारी** — **कर्जा शिर्षक:** क्यास क्रेडिट र आवधिक कर्जा
(प्रदेश सरकार, उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय प्रदेश नं. ३, भरतपुर, चितवनमा दर्ता रहेको) दर्ता नं.: २४०/०७५/०७६, दर्ता मिति: २०७५/१०/२३, स्थायी लेखा नं.: ६०९१९५५६३, ठेगाना: चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. ६।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ता:**
**विनोद चौधरी:** ना.प्र.प.नं (जारी मिति/स्थान): १२६६/०४४(२०५८/१२/०४/चितवन), बाजेको नाम: जियन महतो, बाबुको नाम: विश्वराम चौधरी, ठेगाना: चितवन जिल्ला, वछौली गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. ६।

**व्यक्तिगत जमानतकर्ताहरू:**
**क. फुहरी थरूनी:** ना.प्र.प.नं (जारी मिति/स्थान): २३८/०४४/४५(२०४६/०२/२७/चितवन), बाबुको नाम: रूपलाल चौधरी, ससुराको नाम: जियन महतो, पतिको नाम: विश्वराम चौधरी, ठेगाना: चितवन जिल्ला, वछौली गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. ६।
**ख. विश्वराम चौधरी:** ना.प्र.प.नं (जारी मिति/स्थान): ९(२०४५/०१/२९/चितवन), बाजेको नाम: अजित महतो, बाबुको नाम: जियन महतो, ठेगाना: चितवन जिल्ला, वछौली गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. ६।
**ग. रूक्मिनिया चौधरी:** ना.प्र.प.नं (जारी मिति/स्थान): ३५३०७/१७६(२०६३/११/१६/चितवन), बाबुको नाम: छनु महतो, ससुराको नाम: विश्वराम चौधरी, पतिको नाम: विनोद चौधरी, ठेगाना: चितवन जिल्ला, वछौली गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. ६।
**घ. मनोज चौधरी:** ना.प्र.प.नं (जारी मिति/स्थान): १२६४/०४४(२०६२/०९/०८/चितवन), बाजेको नाम: जियन महतो, बाबुको नाम: विश्वराम चौधरी, ठेगाना: चितवन जिल्ला, वछौली गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. ६।
**ङ. ओम राज महतो:** ना.प्र.प.नं (जारी मिति/स्थान): ८७०८/०६०(२०६०/१२/०९/चितवन), बाजेको नाम: लताई महतो, बाबुको नाम: सुखल महतो ठेगाना: चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. ५।

**२. ऋणीको नाम: फुहरी थरूनी** — **कर्जा शिर्षक:** सम्पत्ति धितो कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): २३८/०४४/४५(२०४६/०२/२७/चितवन), बाबुको नाम: रूपलाल चौधरी, ससुराको नाम: जियन महतो, पतिको नाम: विश्वराम चौधरी, ठेगाना: चितवन जिल्ला, वछौली गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. ६।

**व्यक्तिगत जमानतकर्ताहरू:**
**क. विनोद चौधरी:** ना.प्र.प.नं (जारी मिति/स्थान): १२६६/०४४(२०५८/१२/०४/चितवन), बाजेको नाम: जियन महतो, बाबुको नाम: विश्वराम चौधरी, ठेगाना: चितवन जिल्ला, वछौली गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. ६।
**ख. विश्वराम चौधरी:** ना.प्र.प.नं (जारी मिति/स्थान): ९(२०४५/०१/२९/चितवन), बाजेको नाम: अजित महतो, बाबुको नाम: जियन महतो, ठेगाना: चितवन जिल्ला, वछौली गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. ६।
**ग. रूक्मिनिया चौधरी:** ना.प्र.प.नं (जारी मिति/स्थान): ३५३०७/१७६(२०६३/११/१६/चितवन), बाबुको नाम: छनु महतो, ससुराको नाम: विश्वराम चौधरी, पतिको नाम: विनोद चौधरी, ठेगाना: चितवन जिल्ला, वछौली गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. ६।
**घ. मनोज चौधरी:** ना.प्र.प.नं (जारी मिति/स्थान): १२६४/०४४(२०६२/०९/०८/चितवन), बाजेको नाम: जियन महतो, बाबुको नाम: विश्वराम चौधरी, ठेगाना: चितवन जिल्ला, वछौली गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. ६।

**३. ऋणीको नाम: विनोद चौधरी** — **कर्जा शिर्षक:** सम्पत्ति धितो कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान):१२६६/०४४(२०५८/१२/०४/चितवन), बाजेको नाम: जियन महतो, बाबुको नाम: विश्वराम चौधरी, ठेगाना: चितवन जिल्ला, वछौली गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. ६।

**व्यक्तिगत जमानतकर्ताहरू:**
**क. फुहरी थरूनी:** ना.प्र.प.नं (जारी मिति/स्थान): २३८/०४४/४५(२०४६/०२/२७/चितवन), बाबुको नाम: रूपलाल चौधरी, ससुराको नाम: जियन महतो, पतिको नाम: विश्वराम चौधरी, ठेगाना: चितवन जिल्ला, वछौली गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. ६।
**ख. विश्वराम चौधरी:** ना.प्र.प.नं (जारी मिति/स्थान): ९(२०४५/०१/२९/चितवन),बाजेको नाम: अजित महतो, बाबुको नाम: जियन महतो, ठेगाना: चितवन जिल्ला, वछौली गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. ६।
**ग. रूक्मिनिया चौधरी:** ना.प्र.प.नं (जारी मिति/स्थान): ३५३०७/१७६(२०६३/११/१६/चितवन), बाबुको नाम: छनु महतो, ससुराको नाम: विश्वराम चौधरी, पतिको नाम: विनोद चौधरी, ठेगाना: चितवन जिल्ला, वछौली गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. ६।
**घ. मनोज चौधरी:** ना.प्र.प.नं (जारी मिति/स्थान): १२६४/०४४(२०६२/०९/०८/चितवन), बाजेको नाम: जियन महतो, बाबुको नाम: विश्वराम चौधरी, ठेगाना: चितवन जिल्ला, वछौली गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. ६।

**४. ऋणीको नाम: मनोज चौधरी** — **कर्जा शिर्षक:** सम्पत्ति धितो कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): १२६४/०४४(२०६२/०९/०८/चितवन), बाजेको नाम: जियन महतो, बाबुको नाम: विश्वराम चौधरी, ठेगाना: चितवन जिल्ला, वछौली गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. ६।

**व्यक्तिगत जमानतकर्ताहरू:**
**क. विनोद चौधरी:** ना.प्र.प.नं (जारी मिति/स्थान): १२६६/०४४(२०५८/१२/०४/चितवन), बाजेको नाम: जियन महतो, बाबुको नाम: विश्वराम चौधरी, ठेगाना: चितवन जिल्ला, वछौली गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. ६।
**ख. विश्वराम चौधरी:** ना.प्र.प.नं (जारी मिति/स्थान): ९(२०४५/०१/२९/चितवन), बाजेको नाम:अजित महतो, बाबुको नाम: जियन महतो, ठेगाना: चितवन जिल्ला, वछौली गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. ६।
**ग. रूक्मिनिया चौधरी:** ना.प्र.प.नं (जारी मिति/स्थान): ३५३०७/१७६(२०६३/११/१६/चितवन), बाबुको नाम: छनु महतो, ससुराको नाम: विश्वराम चौधरी, पतिको नाम: विनोद चौधरी, ठेगाना: चितवन जिल्ला, वछौली गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. ६।
**घ. फुहरी थरूनी:** ना.प्र.प.नं (जारी मिति/स्थान): २३८/०४४/४५(२०४६/०२/२७/चितवन), बाबुको नाम: रूपलाल चौधरी, ससुराको नाम: जियन महतो, पतिको नाम: विश्वराम चौधरी, ठेगाना: चितवन जिल्ला, वछौली गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. ६।

**५. ऋणीको नाम: रूक्मिनिया चौधरी** — **कर्जा शिर्षक:** सम्पत्ति धितो कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): ३५३०७/१७६(२०६३/११/१६/चितवन), बाबुको नाम: छनु महतो, ससुराको नाम: विश्वराम चौधरी, पतिको नाम: विनोद चौधरी, ठेगाना:चितवन जिल्ला, वछौली गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. ६।

**व्यक्तिगत जमानतकर्ताहरू:**
**क. विनोद चौधरी:** ना.प्र.प.नं (जारी मिति/स्थान): १२६६/०४४(२०५८/१२/०४/चितवन),बाजेको नाम: जियन महतो, बाबुको नाम: विश्वराम चौधरी, ठेगाना: चितवन जिल्ला, वछौली गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. ६।
**ख. विश्वराम चौधरी:** ना.प्र.प.नं (जारी मिति/स्थान): ९(२०४५/०१/२९/चितवन),बाजेको नाम:अजित महतो, बाबुको नाम: जियन महतो, ठेगाना: चितवन जिल्ला, वछौली गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. ६।
**ग. मनोज चौधरी:** ना.प्र.प.नं (जारी मिति/स्थान): १२६४/०४४(२०६२/०९/०८/चितवन),बाजेको नाम: जियन महतो, बाबुको नाम: विश्वराम चौधरी, ठेगाना: चितवन जिल्ला, वछौली गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. ६।
**घ. फुहरी थरूनी:** ना.प्र.प.नं (जारी मिति/स्थान): २३८/०४४/४५(२०४६/०२/२७/चितवन), बाबुको नाम: रूपलाल चौधरी, ससुराको नाम: जियन महतो, पतिको नाम: विश्वराम चौधरी, ठेगाना: चितवन जिल्ला, वछौली गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. ६।

**माथि उल्लेखित पाँच ऋणीहरुको लिलाम हुने धितोको विवरण:**
रूपलाल चौधरीको छोरी, जियन महतोको बुहारी, विश्वराम चौधरीको पत्नी, चितवन जिल्ला, वछौली गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. ६ बस्ने **फुहरी थरूनी**को नाममा मालपोत कार्यालय भरतपुर, चितवनको लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, वछयौली गा.वि.स./न.पा., वडा नं. ८/क स्थित कि.न. ८३७ को क्षेत्रफल ४०८९.४० ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**६. ऋणीको नाम: होटल सिद्धार्थ भ्यू** — **कर्जा शिर्षक:** होटल तथा पर्यटन कर्जा (आवधिक सुविधा)
(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, काठमाण्डौ महानगरपालिका, महानगर कार्यपालिकाको कार्यालय, उद्योग विकास शाखा त्रिपुरेश्वर, काठमाण्डौमा दर्ता रहेको) दर्ता नं.: ८६७, दर्ता मिति: २०७४/०८/१८, स्थायी लेखा नं.: ६०९०७३७९३, ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २६, मित्रनगर।

**प्रोप्राईटर:**
**उद्धवप्रसाद भट्टराई:** ना.प्र.प.नं (जारी मिति/स्थान): २५१०५४/२७८(२०६६/०२/१७/नुवाकोट), बाजेको नाम: रवि लाल भट्टराई, बाबुको नाम: ठाकुरप्रसाद भट्टराई, ठेगाना: नुवाकोट जिल्ला, चारघरे गा.वि.स. वडा नं. ६ परिवर्तित नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं. १२।

**व्यक्तिगत जमानतकर्ता:**
**ठाकुर प्रसाद भट्टराई:** ना.प्र.प.नं (जारी मिति/स्थान): १२०(२०४५/०१/११/नुवाकोट), बाजेको नाम: देव नारायण भट्टराई, बाबुको नाम: रवि लाल भट्टराई, ठेगाना: नुवाकोट जिल्ला, चारघरे गा.वि.स. वडा नं. ६ परिवर्तित नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं. १२।

**लिलाम हुने धितोको विवरण:**
रवि लाल भट्टराईको नाति, ठाकुरप्रसाद भट्टराईको छोरा, नुवाकोट जिल्ला, चारघरे गा.वि.स. वडा नं. ६ परिवर्तित नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं. १२ बस्ने **उद्धवप्रसाद भट्टराई**को नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकको लगतमा दर्ता श्रेष्ता कायम रहेको काभ्रेपलान्चोक जिल्ला, शारदा (बतासे) गा.वि.स./न.पा. वडा नं. १/ख स्थित कि.न. २९१ र २० को क्षेत्रफल क्रमश: ०-१-०-३ र २-४-०-० रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

NMB BANK एनएमबि बैंक — समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

# ‘अनाम गजल गायन’मा सुनिए ७ स्रष्टा, सन्तोषले जिते श्रोताको मन

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ असार



औंसी बनेर कालो, ढल्किन्छ रात मेरो
आगो छ सम्झना त्यो, सल्किन्छ रात मेरो ।

गजलकार घनश्याम पथिकका यी शेर सर्वनाम थिएटरमा विश्वकीर्तिमानी संगीतकार सन्तोष श्रेष्ठको संगीत र स्वरमा गुञ्जिँदा हल स्तब्ध बन्यो। गजलमा हराइरहेका २०० बढी श्रोताहरू जय गौडेलका शब्द ‘जुधाएर मेरा नजर ती नजरमा/म खोज्दै छु आफ्नो खबर ती नजरमा’ गुञ्जिँदा ‘वाह ! वाह !!’ सँगै झुमिरहेका थिए ।

गजलकार सुरेश सुवेदीका शब्दमा सन्तोष यसरी पोखिए- ‘तिमी आँसुका नागबेलीहरूमा/बग्यौ छल्किँदै यी परेलीहरूमा ।’ श्रोताहरू यसरी मुग्ध बने कि तालीका पर्रा निरन्तर छुटिरहे। फेरि रश्मि असफलका शब्द गुञ्जिए- ‘सधैं दिलको महल झलमल गरी राख्नू/छ कोही साथमा अड्कल गरी राख्नू ।’

अझ रोकिएन माहोल । ज्ञानु विद्रोहीको वियोगान्त शब्द ‘बित्दै छ रात सिंगै, फोटो चुमेर तिम्रो/पोल्दै छ सम्झनाले, आलो बनेर तिम्रो’ गाइरहँदा स्तब्ध बनेको माहोल प्रभाती किरणका शब्द ‘पराई मन हरी आफ्नो, बनायौ ख्यालख्यालैमा/म ढुंगा थेँ तिमीले नै, गलायौ ख्यालख्यालैमा’ र रूपक अलङ्कारका शब्द ‘नयनमा पोखरी तिम्रो, मलाई पौडिने मन छ/त्यसैमा सुस्तरी डुब्ने, त्यसैमा तैरिने मन छ’ गाइएपछि जुरुक्कै उचालियो ।

वाद्यवादनमा तबलामा रमेश डंगोल, बाँसुरीमा धनबहादुर गुरुङ र गिटारमा राजकुमार समालले साथ दिएका थिए ।

नेपाली गजलको विकास, विस्तार र परिष्कार अभियानसहित २० वर्षअघि स्थापित अनाममण्डलीले आफ्नो स्थापनाको २१औं वार्षिकोत्सव भव्य प्रत्यक्ष गजल गायनसहित सम्पन्न गरेको छ ।

काठमाडौंमा शनिबार आयोजित ‘अनाम प्रत्यक्ष गजल गायन, २०८२’मा विश्वकीर्तिमानी संगीतकार सन्तोष श्रेष्ठले एकल संगीत र स्वरमा ७ जना गजलकारका ७ वटा गजल गाए ।

अनाममण्डलीका संस्थापक र सक्रिय सदस्यहरू सुरेश स्वेदी, प्रभाती किरण, ज्ञानु विद्रोही, रश्मि असफल, घनश्याम पथिक, रूपक अलंकार र जय गौडेलका गजलहरूले उपस्थित श्रोताको मन सर्लक्कै जिते ।

‘नेपाली गजल गायनको स्वर्ण दशक, वि. सं. २०८०-२०९०’ अन्तर्गत आयोजित कार्यक्रममा अनाममण्डलीका संस्थापक सल्लाहकार प्रा. डा. देवी नेपाल र संस्थापक अध्यक्ष सुरेश सुवेदीलाई सम्मानसमेत गरिएको थियो ।

सल्लाहकार नेपालले अनाममण्डली मोतीमण्डलीपछिको नेपाली गजलको आधिकारिक, विश्वसनीय र ऐतिहासिक संस्था भएको बताए। उनले अनाममण्डलीले आफ्नो स्थापनापछि प्राज्ञिक, अनुसन्धानात्मक र गजल परिष्कारका क्षेत्रमा विशेष योगदान गरेको उल्लेख गरे ।

संस्थापक अध्यक्ष सुवेदीले तत्कालीन समयमा लेखनमा अलमलमा रहेको गजललाई सैद्धान्तिक स्वरूपमा परिष्कृत गर्न अनाममण्डली स्थापना भएको र आज नेपाली गजलले परिष्कारको मार्ग समातिरहेको भन्दै खुसी व्यक्त गरे ।

प्रमुख अतिथि प्रा. डा. कृष्णहरि बरालले नेपाली गजलको परिष्कार र विस्तारमा अनाममण्डलीको भूमिका महत्त्वपूर्ण र अर्थपूर्ण रहेको बताए । बरालले गजल गायनका विभिन्न स्थानका अभ्यासको चर्चा गर्दै नेपाली गजल गायन आफ्नै शैली र संरचनाबाट अघि बढेको उल्लेख गरे। उनले गजल गायनको निश्चित शैली र संरचना नभएकाले यसलाई हरेक संगीतकारले आफ्नै किसिमले संगीत गर्न र गाउन सक्ने सुनाए ।


## सूचना! सूचना!! सूचना !!!

अखिल नेपाल हिमाली बौद्ध संघको १३ औं अधिवेशन सम्पन्न हुन गइरहेकोले यस संस्थाको आजीवन सदस्य तथा साधारण सदस्यहरूलाई निम्न मिति र स्थानमा सहभागी भई अधिवेशन सफलता पूर्वक सम्पन्न गर्न हार्दिक अनुरोध गर्दछौं ।

**मिति: २०८२/०४/०२**
**स्थान: ए वान क्याफे एन्ड पाटी, काठमाडौं ।**
**समय: बिहान ९ बजे**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति: २०८२/०३/३०**

**इम्पायर स्पोर्टस म्यानेजमेन्ट प्रा. लि.** को मिति २०८२/०३/०६ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **फिटफोर्स एक्टिभवेयर प्रा. लि. (प्रा. लि. नं. ३५०७८०)** कायम गर्ने गरी मिति २०८२/०३/२५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कतारमा रोजगार

कम्पनी : Poporshi Contracting & Cleaning Services
शहर: Doha, Qatar
पुन विज्ञापन

पूर्व स्वीकृती मिति : २०८१/०६/०५ | चलानी नं. ६०२२७०१२ | LT No. 311845

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Carpenter | 2 | काममा दक्ष | 1200 | ४४,९८० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |
| २. | Brick Masons | 2 | | 1200 | ४४,९८० | | | | | | | |
| ३. | Labourer | 5 | | 1000 | ३७,४९० | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | कम्पनीले | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | कामदार आफैंले | रु ७००/- कामदार आफैंले | रु १५००/- कामदार आफैंले | निःशुल्क | निःशुल्क |

अन्तरवार्ता म्यानपावरको कार्यलय काठमाडौंमा २०८२ साउन ५ गते (21 July, 2025) मा हुनेछ ।

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई सेवा शुल्क बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसग राख्नुहोला । ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग, ताहाचलमा सम्पर्क राख्नुहोला ।

Empire International Pvt. Ltd.
Shantinagar, Kathmandu, Nepal
Phone No: 01-4621348, 4620715
E-mail: jobs@empirenepal.com
Lic. No. 695/063/064

## यूएईमा रोजगार

कम्पनी: EJADAH ASSET MANAGEMENT GROUP LLC
शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०२/०५ | चलानी नं.: ६०२३८०४६ | LT. No.: 324041 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 49 | 84 | स. काममा दक्ष | 1000 | ३७,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन ५, ६ र ७ गते (21, 22 & 23 July 2025) मा हुनेछ ।
अन्तर्वार्ता सि. पी. होटल झापामा २०८२ साउन ६, ७ र ८ गते (22, 23 & 24 July 2025) मा हुनेछ ।
अन्तर्वार्ता होटल दिव्यश्री पोखरा, कास्कीमा २०८२ साउन ६, ७, ८ र ९ गते (22, 23, 24 & 25 July 2025) मा हुनेछ ।
अन्तर्वार्ता होटल रेड कार्पेट भरतपुर, चितवनमा २०८२ साउन ८ गते (24 July 2025) मा हुनेछ ।
अन्तर्वार्ता होटल इन टुरिस्ट, सुनसरीमा २०८२ साउन ९ गते (25 July 2025) मा हुनेछ ।
अन्तर्वार्ता डोल्से रेष्टुरेण्ट, रूपन्देहीमा २०८२ साउन ९ गते (25 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SKILLS GROUP H.R. RECRUITMENT PVT.LTD
P.O. Box: 8233, Basundhara-03, Kathmandu, Nepal
Tel: 01-5920160 | Email: info@skillgrouphr.com.np
Govt Lic. No. 1686/080/081


## बेदकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**सिसैया, कन्चनपुर**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

### आ.व.२०८२/०८३ का लागि सडक सेवा शुल्क (पूर्व पश्चिम राजमार्ग बाहेक बेदकोट न.पा.बाट निर्मित/मर्मत गरिएका सबै शाखा सडक) संकलनको ठेक्का सम्बन्धी बोलपत्रको आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२/०३/२९**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९ बमोजिम यस बेदकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको क्षेत्राधिकार भित्र पर्ने विभिन्न कर, शुल्क, दस्तुर संकलन गर्ने कार्यका लागि आ.व.२०८२/०८३ मा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा देहायमा उल्लेखित शीर्षकमा आन्तरिक आय संकलनको ठेक्का बोल कबोल गर्न नियमानुसार दर्ता भएका फर्मलाई तोकिएको शर्तको अधिनमा रही सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.gov.np/egp माध्यम मार्फत प्रथम पटक पेश गर्न यो सूचना जारी गरिएको छ ।

**तपसिल**

| बोलपत्र/ठेक्का नं. | सडक सेवा शुल्क संकलन क्षेत्र | न्यूनतम ठेक्का मूल्य रु. (मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | धरौटी रकम रु. |
|---|---|---|---|---|
| २७/IR/२०८१/०८२ | सडक सेवा शुल्क (पूर्व पश्चिम राजमार्ग बाहेक बेदकोट न.पा.बाट निर्मित/मर्मत गरिएका सबै शाखा सडक) | ३३,०१,३२०।- | ३०००/- | कबोल अंकको ५ प्रतिशत |

**शर्तहरु**

१. बोलपत्र सम्बन्धि कागजातहरु रु.३,०००।- (पछि फिर्ता नहुने गरी) बोलपत्र दस्तुर एन.आई.सी.एशिया बैंक, बेदकोट शाखामा रहेको राजश्व खाता नं. १८५२०५००२८२४०००२ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर लिई सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.gov.np/egp मार्फत आवेदन दिन सकिनेछ ।
२. खरिद गरेको बोलपत्र मिति २०८२/०४/२६ गते दिनको १२:०० बजे सम्म सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.gov.np/egp मार्फत दर्ता गरी सक्नुपर्नेछ। दर्ता भएका बोलपत्रहरु कार्यालय प्रतिनिधि तथा बोलपत्रदाता वा निजहरुका प्रतिनिधिहरुको रोहवरमा सोही दिनको अपरान्ह २:०० बजे खोलिनेछ। बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।
३. धरौटी (जमानत) बापत आफुले कबोल गरेका अंकको ५ प्रतिशतका दरले हुने रकम बेदकोट नगरपालिका, नगर कार्यपालिकाको एन.आई.सी.एशिया बैंक, बेदकोट शाखामा रहेको धरौटी खाता नं. I5CA०५२४२३२५२४०३ मा रकम नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको विडबण्ड बोलपत्र साथ पेश गर्नु पर्नेछ ।
४. बोलपत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिन हुनेछ ।
५. आयकर लगायत स्थानीय कर र नेपाल सरकारलाई तिर्नु बुझाउन पर्ने सबै कर सम्बन्धित दरभाउपत्रदाताले स्वयं व्यहोर्नु पर्नेछ ।
६. बोलपत्र कुनै कारण देखाई वा नदेखाई स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित रहनेछ ।
७. बोलपत्र सम्बन्धमा अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।
८. आन्तरिक आयको ठेक्का बन्दोबस्त सम्बन्धी नियमावली २०७६ को नियम ४ को उपनियम ४.२ बमोजिम ठेक्का कबोल गरेको अंक एकमुष्ठ बुझाएमा औचित्यता हेरी बढीमा कबोल अंकको १० प्रतिशत सम्म छुट दिन सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## कुमारी बैंक लिमिटेड काठमाडौको नाममा रहेको गैह्र बैंकिङ्ग सम्पत्ति (घर/जग्गा) लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८२/०३/३० गते मध्यान्ह दैनिक)

यस कुमाारी बैंक लिमिटेडको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लिखित गैह्र बैंकिङ्ग सम्पत्ति (घर/जग्गा) जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा लिलाम बिक्री गर्न ७ दिने गोप्य शिलबन्दी बोलपत्रको सुचना प्रकाशित गरीएको छ । उक्त गैह्र बैंकिङ्ग सम्पत्ति खरिद गरि लिन ईच्छुक महानुभावहरुले देहायका शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिनहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. कुमारी बैंक लिमिटेडको नाममा मालपोत कार्यालय, लाहान सिराहामा दर्ता कायम रहेको सिराहा जिल्ला, असनपुर गा.वि.स/न.पा वडा नं. ६ स्थित कित्ता नं. ४६२५, र २५ को क्षेत्रफल क्रमश १८७०.९१ र ११५१.३३ (व.मी) को जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

**शर्तबन्देजहरु**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औ दिन अर्थात मिति २०८२ साउन ०४ गते** सम्म कुमारी बैंक लि.को शाखा कार्यालय लाहानमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम यस बैंक लि.को शाखा कार्यालय लाहानबाट रु ५००/- तिरी प्राप्त गर्न सकिने छ । सो बोलपत्रमा उल्लिखित शर्तहरु समेत यसै सूचनाकै अभिन्न अंग मानिने छ ।
३. बोलपत्रमा आफुले सकार गरि लिन चाहेको गैर बैंकिङ्ग सम्पत्ति के कति रकममा सकार गरि लिन चाहेको हो स्पष्ट रुपमा अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ। बोलपत्र पेश गर्दा आफुले कबुल गरेको रकमको १०(दश) प्रतिशतले हुन आउने रकम धरौटि बापत यस बैंकमा जम्मा गरि सोको भौचर, यस बैंकको नाममा खिचिएको बैंक गुड फर पेमेन्ट (Good For Payment) चेक बोलपत्रको साथमा संलग्न गरेको हुनु पर्ने छ। सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन साथै धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. उक्त घर/जग्गा ब्यक्ति वा संस्था एक्लैले वा संयुक्त रुपमा पनि खरिद गर्न सक्ने गरि बोलपत्र पेश गर्न सकिने छ। ब्यक्तिको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र संस्थाको हकमा दर्ता प्रमाणपत्र र स्थायी लेखा नंबरको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
५. यो सूचना प्रकाशित भएको **मितिले ८ औ दिन अर्थात मिति २०८२ साउन ०५ गते अपरान्ह ३:०० बजे** बोलपत्रदाता वा निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहवर बैंकको शाखा कार्यालय लाहानमा बोलपत्र खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले मात्र बोलपत्र खोल्न बाधा पुगेको मानिने छैन ।
६. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक बिदा परेमा सो को भोलिपल्ट अर्थात बैंक खुलेको दिन सोहि समय भित्र बोलपत्र बुझाउन /खोल्न सकिने छ ।
७. म्याद नाघि वा रित नपुगी आएको तथा शर्त राखि दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
८. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५(पन्ध्र) दिन भित्र बोलकबोल गरेको धरौटी बाहेकको बांकी रकम रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ, अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुने छ ।
९. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक कबुल गर्नेलाई समेत बोलपत्र आंशिक वा पूर्ण रुपमा स्वीकार गर्ने वा नगर्ने वा पुन: थप निगोशियसन गर्ने वा लिलाम प्रकृयानै रद्द गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
१० लिलाम गरिएको सम्पत्ति दाखिल खारेज गर्न सम्बन्धित निकाय अड्डा आदिमा लाग्ने सबै प्रकारका कर, राजश्व, दस्तुर आदि सम्पूर्ण दायित्व बोलपत्रदाताले ब्यहोर्नु पर्नेछ ।
११. अन्य थप जानकारी चाहिएमा बैंकको प्रधान कार्यालय अन्तर्गत कर्जा असुली बिभाग बागबजार, काठमाण्डौंमा सम्पर्क गर्न सकिने छ ।

**बोलपत्र खोलिने मिति २०८२ साउन ०५ गते सोमबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**शाखा कार्यालय लाहान फोन नं. ०३३-५६५००६**

## धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल असार महिना ३० गते सोमबार)

यस विकास बैंकको शाखा कार्यालय कोहलपुरबाट तपशिलमा उल्लेखित ऋणीले व्यावसायिक अधिविकर्ष तथा आवधिक कर्जा र फोर्स लोन कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **सलोक ट्रेडर्स** प्रोप्राइटरको नाम : शर्मीला कंडेल प्रा.फ.र.नं. : २०६६८/०६८/०६९
दर्ता गर्ने कार्यालय : वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय नेपालगन्ज, बाँके
दर्ता मिति : २०६८/११/११
रजिष्टर्ड ठेगाना : बाँके जिल्ला कोहलपुर वडा नं. ३ स्थायी लेखा नं. : ३०३१४९३७०

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) हर्क सिहं खत्रीको छोरी प्रेम प्रसाद कडेलको बुहारी लोकराज कडेलको पत्नी दाङ जिल्ला पवननगर वडा नं. ४ हाल, बाँके जिल्ला कोहलपुर न.पा. वडा नं. ११ बस्ने **शर्मीला कंडेल** (ना.प्र.नं. : ५२२०३५/११३७ जारी मिति र जिल्ला : २०६४/११/०२, दाङ)

२) रेश्मीराज कंडेलको नाति प्रेम प्रसाद कंडेलको छोरा दाङ जिल्ला पवननगर वडा नं. ४ हाल, बाँके जिल्ला कोहलपुर न.पा. वडा नं. ११ बस्ने **लोक राज कंडेल** (ना.प्र.नं. : १८१३/७३८ जारी मिति र जिल्ला : २०६१/०८/१४, दाङ)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
१) मिति २०८१/०८/१७ को हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।
२) मिति २०८२/०३/०१ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धनीको नाम | धितो ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| शर्मीला कडेल | बर्दिया जिल्ला सोरहवा वडा नं. १ | ०३५०९६१ | १२५३ | ९०१.२५ |
| शर्मीला कडेल | दाङ जिल्ला टरीगाउँ वडा नं. २ | २क | ५०२ | ३३८.६४ |
| लोकराज कडेल | दाङ जिल्ला बयाले सिमतारा वडा नं. २ | २ख | ४७८ | ८४६.५८ |
| लोकराज कडेल | दाङ जिल्ला तुलसीसुर वडा नं. ९ | ९क | ४८६ | ५०७.८७ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८२/०४/१२ गते सोमबार भित्र यस बैकको शाखा कार्यालय कोहलपुर आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०४/१३ गते मंगलबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय कोहलपुरमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

“नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक”

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

# पूर्वी नेपालमा धान रोपाइँमा ढिलाइ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ असार ।



आकाशे पानीको भर पर्दा पूर्वी नेपालमा रोपाइँ हुन सकिरहेको छैन । प्रयाप्त सिँचाइको व्यवस्था नहुँदा आकाशे पानीबाट किसानहरूले धान रोपाइँ गर्ने गरेका छन् । मधेश प्रदेशका अधिकांश जिल्लामा धान रोपाइँको लागि वर्षाको पानी नै भर पर्नु पर्ने अवस्था छ ।

असार महिनालाई 'मानो रोपेर मुरी फलाउने महिना' को रुपमा हेर्ने गरिएपनि असारको अन्तिम समयसम्म देशभर ५९ प्रतिशत मात्र रोपाइँ भएको छ । अझै ४१ प्रतिशत खेतियोग्य जमिनमा रोपाइँ हुन बाँकी रहेको कृषि विभागले जनाएको छ ।

विभागका अनुसार १५ दिन अघि २३ असारमा १५.६ प्रतिशत रोपाइँ भएको थियो भने २९ असारसम्म ५९ प्रतिशत रोपाइँ भएको छ । पछिल्लो १५ दिनमा ४४ प्रतिशत रोपाइँ भएको छ ।

असार २९ गतेसम्म सबैभन्दा धेरै रोपाइँ सुदूरपश्चिम प्रदेशमा भएको छ । सुदूरपश्चिममा १ लाख ७६ हजार १ सय ५१ हेक्टरमा हेक्टर धान रोपाइँ हुने जमिनमध्ये १ लाख ६३ हजार ९ सय ९३ रोपाइँ भएको छ । सुदूरपश्चिममा ९३.१ प्रतिशत रोपाइँ भएको छ। यस्तै २९ असारसम्म कर्णाली प्रदेशमा ८३.२३ प्रतिशत, लुम्बिनी ७३.७८ प्रतिशत, गण्डकीमा ६६.९९ प्रतिशत र बाग्मतीमा ७६.३१ प्रतिशत धान रोपाइँ भएको छ ।

तर, पूर्वी नेपालमा दुई प्रदेश कोशी र मधेश प्रदेशमा भने गत वर्षको सोही अवधिको तुलनामा कम रोपाइँ भएको छ। यस्तै, धान खेतीका लागि उर्वर मानिने मधेश प्रदेशमा सबैभन्दा कम रोपाइँ भएको छ ।

कोशी प्रदेशमा २ लाख ७६ हजार ३ सय ८६ हेक्टर जमिन मध्ये ४१.३२ प्रतिशत अर्थात १ लाख १४ हजार २ सय ११ हेक्टरमा मात्र रोपाइँ भएको छ। मधेशमा ३ लाख ७२ हजार ६ सय ४५ हेक्टर धान रोपाइँ हुने क्षेत्रफल भएपनि २९ असारसम्म ३३.७८ प्रतिशत अर्थात १ लाख २५ हजार ८ सय ८८ हेक्टरमा रोपाइँ भएको छ ।

कृषि विभागका अनुसार आर्थिक वर्ष २०८२/८३ मा कुल १३ लाख ८३ हजार ७ सय ३२ हेक्टर क्षेत्रमा धान रोपाइँ हुने अनुमान गरिएको छ ।

# काठमाडौं महानगरले ल्यायो २५ अर्ब ७६ करोडको बजेट



**काठमाडौं/मस-** आगामी आर्थिक वर्ष २०८२/८३ का लागि काठमाडौं महानगरपालिकाले २५ अर्ब ७६ करोड ४३ लाख बराबरको बजेट ल्याएको छ। महानगरका उपप्रमुख सुनिता डंगोलले आइतबार काठमाडौं महानगरपालिका नगरसभाको १७औं अधिवेशनमा आगामी आर्थिक वर्षको विनियोजन पेस गरेकी हुन्।

'आगामी आर्थिक वर्षका लागि आर्थिक विकास, कार्यालय सञ्चालन तथा प्रशासनिक, पूर्वाधार विकास, सामाजिक विकास र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रबाट सञ्चित कोषमा भार पर्ने खर्च २५ अर्ब ११ करोड ४३ लाख ११ हजार र जग्गा एकीकरण आयोजनाहरू तथा अन्य निकायबाट प्राप्त हुने कार्यक्रमका लागि खर्च रकम ६५ करोड सञ्चित कोषमा भार नपर्ने गरी कुल २५ अर्ब ७६ करोड ४३ लाख ११ बराबर विनियोजन गरिएको छ,'- उनले भनिन् ।

बजेटको स्रोतमध्ये काठमाडौं महानगरपालिकाको आन्तरिक आय र बैंक मौज्दातबाट २० अर्ब १२ करोड ६४ लाख व्यहोरिने जनाइएको छ ।यसैगरी, नेपाल सरकार तथा प्रदेश सरकारबाट ससर्त तथा समानीकरण अनुदान र राजस्व बाँडफाँटबाट प्राप्त हुने चार अर्ब ९८ करोड ७९ लाख ४१ हजार बराबर रकमलाई पनि बजेटको स्रोतमा देखाइएको छ। आगामी आवका लागि राजस्व संकलन प्रभावकारी बनाउन नयाँ करदाता पहिचान गर्ने, कारोबार हुने स्थलमा नै गएर समन्वय गर्नेलगायत नीति अवलम्बन गरिने जनाइएको छ ।

महानगरले आगामी पुस मसान्तसम्म करको दायरामा आउने करदाताका लागि छुटको व्यवस्था पनि ल्याएको छ । यस्तै, महानगरले उठाउने बहाल करलाई एकद्वार प्रणालीमा आबद्ध गर्न संघीय सरकारसँग समन्वय गरिने जनाइएको छ ।

# 'राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको भूमिका प्रभावकारी बनाउनुपर्छ'



**काठमाडौं/मस -** सांसदहरूले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको भूमिकालाई प्रभावकारी बनाइनुपर्नेमा जोड दिएका छन् । राष्ट्रिय सभा अन्तगर्तको संघीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिको आज सिंहदरबारमा बसेको बैठकमा सांसदहरूले वित्तीय संघीयताका लागि आयोगलाई सक्रिय बनाउन र प्राकृतिक स्रोतको राजस्व बाँडफाँटलाई समन्यायिक बनाउन आवश्यक कानुन तर्जुमा गर्नुपर्ने धारणा व्यक्त गरे ।

सांसद उदयबहादुर बोहोराले वित्तीय संघीयताका लागि आयोगले प्रभावकारी भूमिका खेल्न नसकेको जिकिर गरे । सांसद शेखरकुमार सिंहले स्थानीय सरकारले संघीयता सवलीकरणका लागि बढी मेहेनत गर्न जरुरी भएको बताए। सांसद जगप्रसाद शर्माले संघीयता सवलीकरणका लागि आयोगलाई नीतिगत रूपमा बलियो बनाइनुपर्नेमा जोड दिए ।

सांसद इन्दिरादेवी गौतमले प्राकृतिक स्रोतसाधनको पहिचान र व्यवस्थापनतर्फ ध्यान दिन सुझाव दिइन् । सांसद विष्णुकुमारी सापकोटाले संघीयतालाई सफल बनाउने आधार स्थानीय सरकार भएको भन्दै प्राकृतिक कच्चापदार्थको सदुपयोग गरेर आर्थिक सवलीकरण गर्नुपर्नेमा जोड दिइन् । सांसद किरणबाबु श्रेष्ठले वित्त आयोग र सरकारको कामबीच प्रभावकारी समन्वय हुन जरुरी रहेको बताए । सांसद नारायणदत्त मिश्रले प्राकृतिक स्रोत र राजस्व बाँडफाँटलाई सन्तुलित र जवाफदेही बनाइनुपर्ने बताए ।

वित्तीय संघीयता कार्यान्वयनका सन्दर्भमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट भएका कामकारबाही, आयोगका सिफारिस र सोको कार्यान्वयनको अवस्थाका बारेमा समितिले आयोगका पदाधिकारीहरूसँग छलफल गरेको हो । समितिका सभापति सोनाम गेल्जेन शेर्पाले प्राकृतिक स्रोतको संरक्षण र व्यवस्थापनतर्फ आयोगको ध्यान जानुपर्नेमा जोड दिए । उनले आयोगको कामकारबाहीलाई थप प्रभावकारी र पारदर्शी बनाउन सरोकार भएका पक्षसँग छलफल गरी थप रणनीति तय गर्नुपर्ने धारणा व्यक्त गररे।

आयोगका कार्यवाहक अध्यक्ष जुद्धबहादुर गुरुङले आयोगका सिफारिस कार्यान्वयनमा विलम्ब भइरहेको गुनासो गरे। आयोगले ५७ वटा सुझाव दिएकामा पाँच वटामात्रै आंशिक रुपमा कार्यान्वयनमा आएको उनले उल्लेख गरे । आयोगका तर्फबाट प्रस्तुतीकरण गर्दै कार्यवाहक अध्यक्ष गुरुङले प्राकृतिक स्रोतसम्बन्धी एकीकृत कानुन तर्जुमा गरी कार्यान्वयन ल्याउन सरकारसमक्ष माग गरेका छन् । आयोगका सिफारिस र सुझाव कार्यान्वयन हुनुपर्ने तथा राजस्व अनुमान यथार्थपरक बनाउन मार्गदर्शन गरिनुपर्ने धारणा व्यक्त गरे ।

# भारतको मध्य प्रदेश-यूएई-नेपाल त्रिकोणीय सहकार्यका लागि दुबईमा उच्चस्तरीय संवाद



**यूएई/मस-** मध्य प्रदेशका मुख्यमन्त्री डा. मोहन यादवले दुबईमा अरब संसद्का अध्यक्ष मोहम्मद अहमद अलयाम्म र नेपाली नागरिक रिजवान आलमलाई भेट गरेका छन्। नेपाली नागरिक आलम एचआरएच राजकुमार सलमान बिन फैसल अल साउद इन्भेस्टमेन्ट एलएलसीका संस्थापक र महानिर्देशक हुन् ।

भारत-खाडी संसदीय र लगानी साझेदारीमा त्रिपक्षीय संवादका अवसरमा उक्त भेटघाट र छलफल भएको हो। मध्य प्रदेशका मुख्यमन्त्री डा. यादवले मध्य प्रदेश ग्लोबल डायलग २०२५- यूएई संस्करणको एक भागको रूपमा दुबई भ्रमणका क्रममा अरब संसद्का अध्यक्ष मोहम्मद अहमद अल्याम्महीसँग भेट गरे। बैठक नवीकरणीय ऊर्जा, खनिज, कृषि, खाद्य प्रशोधन र सांस्कृतिक आदानप्रदानमा रणनीतिक साझेदारीलाई बढावा दिने कुरामा केन्द्रित रहेको थियो ।

सो अवसरमा समृद्ध सम्पदा, फस्टाउँदो उद्योग र असीम लगानी सम्भावनाका लागि परिचित भारतको मध्य प्रदेशको भ्रमण गर्न आधिकारिक निमन्त्रणा दिइएको थियो। मध्य प्रदेशले आफ्नो विश्वव्यापी उपस्थितिलाई बलियो बनाउने बताएको छ ।

यो बैठकलाई भारतको राज्य महत्वाकांक्षालाई खाडी र अरब संसद्सँग आर्थिक सहयोग र पारस्परिक समझदारीलाई बढावा दिने अवसरका रूपमा लिइएको छ । मध्य प्रदेशका मुख्यमन्त्री डा. यादवले भने 'हामी यो उच्चस्तरीय संवादलाई सहज बनाउन पाउँदा सम्मानित छौं। दिगो विकास र संसदीय साझेदारीप्रति हाम्रो साझा प्रतिबद्धताले प्रभावकारी परियोजनाहरूलाई अगाडि बढाउनेछ ।'

त्यस्तै एचआरएच राजकुमार सलमान बिन फैसल अल साउद इन्भेस्टमेन्ट एलएलसीका संस्थापक एवं म्यानेजिङ डाइरेक्टर रिजवान आलमले मुख्यमन्त्री डा. यादवलाई आतिथ्य गर्नु सम्मानको कुरा भन्दै छलफलले आर्थिक सहयोग र दिगो विकासको साझा दृष्टिकोणलाई पुनः पुष्टि गरेको बताए । उनले आफू मध्य प्रदेशको प्राथमिकता परियोजनाहरूमा खाडी मुलुकको लगानीलाई सहजीकरण गर्न तत्पर रहेको बताए ।

अरब संसद्का अध्यक्ष मोहम्मद अहमद अलयाम्महीले पनि अरब संसद् विधायकी सञ्जालहरूलाई बलियो बनाउन र दुवै मुलुकका जनतालाई फाइदा पुग्ने आर्थिक पहलहरूलाई समर्थन गर्न तयार रहेको बताए ।

# मौद्रिक नीति वित्तीय सहजीकरण उन्मुख र सकारात्मक : चेम्बर



**काठमाडौं/मस -** नेपाल चेम्बर अफ कमर्सले आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति सकारात्मक र वित्तीय सहजीकरण गर्ने गरी आएको जनाएको छ । मौद्रिक नीतिले आर्थिक पुर्नउत्थान एवं सहज कर्जा प्रवाह मार्फत् वित्तीय क्षेत्र चलायमान हुने चेम्बरले उल्लेख गरेको छ ।

आगामी वर्षका लागि निजी क्षेत्रमा प्रवाह हुने कर्जा १२ प्रतिशत विस्तार गर्न सकिए हालको अधिक तरलता समस्या समाधान हुन सक्ने चेम्बरले ठहर गरेको छ। चेम्बरद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'ब्याजदर करिडोरको माथिल्लो सीमाका रूपमा रहेको बैंकदरलाई ६.५ प्रतिशतबाट घटाई ६ र नीतिगत दरलाई ५ प्रतिशतबाट घटाई ४.५ प्रतिशत कायम गरिएको छ । यसले बजारमा तरलता व्यवस्थापन र ब्याजदर बढ्न नदिने विश्वास छ ।'

निजी आवासीय घर निर्माण/खरिद गर्न प्रवाह गर्ने कर्जाको सीमा २ करोडबाट बढाएर ३ करोड रुपैयाँ कायम गरिने मौद्रिक नीतिमा उल्लेखित व्यवस्थालाई चेम्बरले स्वागत गरेको छ । कर्जा प्रवाहको लागि कर्जा मूल्य अनुपात बढीमा ८० प्रतिशतसम्म र अन्यको हकमा बढीमा ७० प्रतिशतसम्म कायम गर्न सक्ने व्यवस्थाले घरजग्गा क्षेत्रको व्यवसायमा विस्तार हुने र यसले अर्थतन्त्र चलायमान बनाउन सघाउ पुऱ्याउने चेम्बरको ठहर छ।

चालुपुँजी कर्जासम्बन्धी मार्गदर्शनलाई कृषि, साना तथा घरेलु उद्योग, शिक्षा, स्वास्थ्य, खेलकुद, सञ्चार र मिडिया हाउस लगायतको व्यवसायको प्रकृति र कर्जा भुक्तानी-आम्दानी चक्रका आधारमा आवश्यकतानुसार परिमार्जन गरिने व्यवस्था सकारात्मक रहेको चेम्बरले ठहर गरेको छ । ऊर्जा उत्पादनका क्षेत्रमा प्रवाह गरेको कर्जाको ब्याज पुँजीकरण गर्नेसम्बन्धी व्यवस्थामा पुनरावलोकन भए जलविद्युत् क्षेत्रका ऋणीले राहत पाउने चेम्बरले उल्लेख गरेको छ ।

बैंक तथा वित्तीय संस्थाबाट शेयर धितोमा प्रवाह हुने मार्जिन प्रकृतिको कर्जाको विद्यमान एकल ग्राहक कर्जा सीमा १५ करोडबाट बढाई २५ करोड बनाइने व्यवस्थाको चेम्बरले स्वागत गरेको छ ।

## कर्पोरेट समाचार

# नेपाल लाइफद्वारा किओचलाई बाल अस्पताल निर्माण गर्न एक करोड सहयोग




**काठमाडौं/मस -** नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले बाल स्वास्थ्यमा काम गरिरहेको गैर नाफामूलक संस्था काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थ (किओच)लाई आर्थिक सहयोग प्रदान गरेको छ । काठमाडौंमा अस्पताल भवन निर्माणका लागि संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत नेपाल लाइफले एक करोड रुपैयाँ सहयोग गरेको हो ।

किओचको कार्यालयमा आयोजित एक कार्यक्रममा सो सम्बन्धी दुई संस्थाबीच समझदारी पत्रमा हस्ताक्षर भएको छ । सो समझदारी पत्रमा काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थको तर्फबाट संस्थापक अध्यक्ष डा. भगवान कोइराला र नेपाल लाइफ इन्स्योरेन्स तर्फबाट प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले हस्ताक्षर गरेका छन्।

काठमाडौंको बूढानीलकण्ठ नगरपालिका वडा नं. ७ मा 'हब' अस्पतालका रूपमा बहुविशिष्टिकृत बाल अस्पताल किओच-काठमाडौंको निर्माण कार्य अन्तिम चरणमा रहेको छ । अस्पतालको मूल भवनको निर्माण जारी रहँदा बिरामी बालबालिकालाई सेवा प्रदान गर्ने कार्य सुरु गर्न र बाल स्वास्थ्य तथा नसर्ने रोगहरूका सम्बन्धमा अनुसन्धान अघि बढाउनका लागि क्लिनिकल रिसर्च बिल्डिङ निर्माण भई कार्य आरम्भ भइसकेको छ ।

कार्यक्रममा यस कम्पनीका संचालक कमलेशकुमार अग्रवालले डा. भगवान कोइरालाको अग्रसरतामा शुभारम्भ भएको यस परियोजनाले नेपालमा रहेका बालबालिकाको स्वास्थ्यको अवस्था सुधार गर्न अतुलनीय भूमिका निर्वाह गर्ने बताए ।

कार्यक्रममा बोल्दै काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थका संस्थापक अध्यक्ष, मुटुरोग विशेषज्ञ तथा प्राध्यापक डा भगवान कोइरालाले नेपाल लाइफले प्रदान गरेको सहयोगले परियोजनाले गति प्राप्त गर्ने बताए ।

# मञ्जुश्री फाइनान्सद्वारा विभिन्न क्षेत्रलाई सहयोग




**काठमाडौं/मस -** मञ्जुश्री फाइनान्स कम्पनी लिमिटेडले विभिन्न क्षेत्रलाई सहयोग गरेको छ । फाइनान्सले आफ्नो विभिन्न शाखाहरू मार्फत् संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न सहयोग लगायतका कार्यक्रमहरू गरेको हो ।

बुटवल शाखामार्फत् प्रारम्भ गरेको कार्यक्रम, बिरगंज, पोखरा, मुर्गिया, इटहरी, धरान हुदै मन्जुश्रीले शिक्षा, स्वास्थ तथा बालगृह लगायतका विभिन्न क्षेत्रमा काम गरिरहेको संघ संस्थालाई सहयोग गरेको छ । फाइनान्सको पोखरा शाखाले अमोर बालगृहलाई एक लाख बराबरको दैनिक आवश्यकताका सामग्रीहरु उपलब्ध गराई सहयोग गरेको छ ।

मुर्गिया शाखाले भने सैनामैना नगरपालिकाको मुर्गिया स्थित परोहा बहुमुखी क्याम्पसको स्नातक तहमा अध्यनरत विद्यार्थीहरुलाई आवश्यक पुस्तक वितरण गरेको छ । त्यस्तै, धरान शाखाले पनि धरानमा अवस्थित पन्चकन्या तथा सावित्री माध्यमिक विद्यालयलाई पाठ्यक्रमका सामाग्री वितरण गरेको जनाएको छ ।

साथै फाइनान्सको बुटवल शाखाले नेपाल नियमित रक्तदाता संघद्वारा बुटवल-७ दीपनगरस्थित सिद्धेश्वरी लालकुमारी मावि परिसरमा रक्तदान कार्यक्रम, मधुमेह परीक्षण तथा निःशुल्क स्वास्थ्य शिविर सफलतापूर्वक सम्पन्न गरेको छ। आफ्ना विभिन्न शाखाहरूमार्फत् फाइनान्सले आफ्नो सामाजिक दायित्वलाई पूरा गर्दै आएको जनाएको छ ।

## विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरुरी सूचना

यस **मध्यान्ह मिडिया प्रा. लि.** मार्फत मध्यान्ह राष्ट्रिय दैनिकलगायत विभिन्न पत्रपत्रिकामा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापनदाताहरुले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम भुक्तानी गर्न बाँकी रहेकोले यही मिति **२०८२ असार मसान्त**भित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ । अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस प्रा. लि.को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको छुट सुविधासमेत उपलब्ध नगराइने समेत यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**
**मध्यान्ह मिडिया प्रा. लि.**
गोगंबु, काठमाडौं
Email: ad.madhyanha@gmail.com




प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**